महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

२०७९

रोङ गाउँपालिका

इलाम

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं १

पत्र संख्याः २०७८।७९
च.नं. ४३८ मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
रोङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
इलाम ।

कैफियत सहितको राय

हामीले रोङ गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. रोङ गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ५ करोड ५१ लाख ९ हजार बेरुजु देखिएकोमा प्रतिकृया प्रमाण पेश हुन आएको छैन । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. १ करोक्ष ५ लाख ६० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ६६ लाख ८८ हजार, नियमित गर्नुपर्ने रू. ६९ लाख ८९ हजार र पेश्की रू. ८ लाख ७२ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.७ करोड ३ लाख १२ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१२ करोड १० लाख १० हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।**
३. रोङ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभुतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

रोङ गाउँपालिका

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फछ्यौंट</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नुपर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th rowspan="2">पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>अनियमित भएको</th><th>प्रमाण कागजात पेश नभएको</th><th>राजस्व लगत जिम्मेवारी नसारेको</th><th>सोधभर्ना नलिएको</th><th>जम्मा</th></tr>
<tr><td>१०२</td><td>५६</td><td>५५१०९</td><td>०</td><td>०</td><td>०</td><td>१०२</td><td>५६</td><td>५५१०९</td><td>१०५६०</td><td>६९८९</td><td>३६६८८</td><td>०</td><td>०</td><td>५४२३७</td><td>८७२</td></tr>
</table>

अद्यावधिक बेरुजु स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
इलाम	७०३१२	०	४४११	६५९०१	०	५५१०९	१२१०१०

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : रोङ गाउँपालिका, इलाम , रोङ गाउँपालिका , इलाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	प्रयास भट्टराई	२०७७-४-१	२०७७-१०-१०
कार्यालय प्रमुख	दिपेन्द्र दाहाल	२०७८-८-२४	हाल सम्म कार्यरत
लेखा प्रमुख	उर्मिला निरौला	२०७७-४-१	
लेखा प्रमुख	इन्द्र प्रसाद पोख्रेल	२०७७-१२-२२	
		बेरुजु रकम	५५,१०८,८४१

स्थानीय तह :

https://nams.oag.gov.np

गत बर्षको जिम्मेवारी		७,६०,२६,४१२.४७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३०,२९,६०,६२०	चालु खर्च	२२,२८,८५,८५९.८६
प्रदेश सरकारबाट अनुदान	२,०७,२८,०००	पूँजीगत खर्च	१५,८६,०७,७७७.३७
राजश्व बाँडफाँट	५,८८,८५,८०९.०५	वित्तीय/अन्य व्यवस्था	१,१०,८०,३५३.८९
आन्तरिक आय	४८,६६,७३२		
अन्य आय	१,१२,९५,३९५.४१		
कुल आय	३९,८७,३६,५५६.४६	कुल खर्च	३९,२५,७३,९९१.१२
बाँकी मौज्दात		८,२१,८८,९७७.८१	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रोङ गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, १९२०१ वर्ग किलोमिटर क्षेत्रफल तथा २१ हजार ९७८ जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षण सीमा** लेखापरीक्षण कार्यलाई थप व्यवस्थित गर्दै लैजाने नीति अनुरुप यस पटक NAMS (Nepal Audit Management System) मार्फत छनौट गरिका जोखिमका आधारमा वित्तीय विवरण र सोसंग सम्बन्धित कागजात परीक्षण गरिएको छ । पहिलो पटक वेभ वेस प्रतिवेदन जारी गरिएको हुँदा प्रतिवेदनमा समेत सोको प्रभाव पर्न सक्ने हुँदा देखिएका त्रुटीलाई परिवर्तन गर्दै लगिने छ ।	
४			**आर्थिक विवरण** **स्थानीय सञ्चितकोष** - आर्थिक वर्ष २०७७।७८ स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः	

आय तर्फ			व्यय तर्फ		
विवरण	रकम		विवरण	रकम	
गत जिम्मेवारी		७६०२६४१२.४७	चालु खर्च		२२२८८५८५९.८६
संचित कोष	६५०७३७३५.००		आन्तरिक श्रोत	४०५४३४५९.८८	
धरौटी	४१७७१४२.४७		राजस्व बाँडफाँड	४२५८९३५६.२४	
स्थानीय विकास कोष	७४२४००.००		विषेश अनुदान चालु	०.००	
कर्मचारी कल्याण कोष	२८७२१२५.००		शसर्त अनुदान चालु	१३२३११६१३.७४	
मर्मत संभार कोष	२३९३८००.००		समपुरक अनुदान	०.००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
							चालु				
				प्रकोप व्यवस्थापन कोष	७६७२१०.००		समानिकरण अनुदान	७४४१४३०.००			
				राजश्व		६८२५२७२६.६३	पुँजीगत खर्च		१५८६०७७७७.३७		
				आन्तरिक राजश्व	४८६६७३२.००		आन्तरिक श्रोत	३३८१९१७७.२८			
				वाँडफाँडबाट प्राप्त राजश्व	५८८८५८०९.०५		राजस्व बाँडफाँड	७३५८८०३.००			
				अन्य राजश्व (कोषहरुबाट)	४५००१८५.५८		विषेश अनुदान चालु	७९७५७४५.११			
				वित्तीय हस्तान्तरण (संघ)		३०२९६०६२०.००	शसर्त अनुदान चालु	३६७१३२०१.७८			
				समानिकरण अनुदान	८७२००००.००		समपुरक अनुदान चालु	१९३५७५७९.००			
				सशर्त अनुदान	१९३०६०६२०.००		समानिकरण अनुदान	५३३८३२७१.२०			
				विशेष अनुदान	१०००००००.००		अन्तर सरकारी अख्तियारी खर्च		९४६२९३३१.००		
				समपुरक अनुदान	१२७००००.००		सामाजिक सुरक्षा तथा संरक्षण	८४२५२६९४.००			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				वित्तीय हस्तान्तरण (प्रदेश)		२०७२८०००.००	गरिवसँग विश्वेश्वर	५४५८६००.००			
				समानिकरण अनुदान	६९७२०००.००		स्थानीय पूर्वाधार विकास साझेदारी	४९१८०३७.००			
				सशर्त अनुदान	३७५६०००.००		स्थानीय तह प्रशासकीय भवन	०.००			
				विशेष अनुदान	०.००		विभाज्य कोष खर्च		०.००		
				समपुरक अनुदान	१००००००००.००		स्थानीय सञ्चित कोष ट्रान्स्फर	०.००			
				अन्तर सरकारी अख्तियारी		९४६२९३३१.००	प्रदेश सञ्चित कोष ट्रान्सफर	०.००			
				सामाजिक सुरक्षा तथा संरक्षण	८४२५२६९४.००		धरौटी खर्च		१८७६१७७.३९		
				गरिवसँग विश्वेश्वर	५४५८६००.००		फिर्ता	१८७६१७७.३९			
				स्थानीय पूर्वाधार विकास साझेदारी	४९१८०३७.००		सदरस्याहा	०.००			
				स्थानीय तह प्रशासकीय भवन	०.००		अन्य कोषहरुको खर्च		४७०३९९०.९२		
				विभाज्य कोष		०.००	प्रकोप व्यवस्थापन	३१३७३२६.९२			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
							कोष				
				विभाज्य कोष प्राप्ती	०.००		मर्मत संभार कोष	१५६६६६४.००			
				धरौटी आम्दानी		३६६२९५१.८३	संचित कोष ट्रान्स्फर		४५००१८५.५८		
				धरौटी प्राप्ती	३६६२९५१.८३		स्थानीय विकास कोष	७४२४००.००			
				अन्य कोषहरु आम्दानी		२५२८६४१.५०	कर्मचारी कल्याण कोष	२८७२१२५.००			
				प्रकोप व्यवस्थापन कोष	२४०२७८१.५०		मर्मत संभार कोष	८५२९९६.००			
				मर्मत संभार कोष	२५८६०.००		प्रकोप व्यवस्थापन कोष	३२६६४.५८			
				महिला हिंसा निवारण कोष	१०००००.००		मौज्दात		८२१८८९७७.८१		
				दाखिला गर्न बाँकी दायित्वहरु		६०३६१६.५०	संचित कोष (खुद)	७५५२१४४४.४०			
				गापा चालु	३३४१३.००		संचित कोष (दायित्व)	६०३६१६.५०			
				कृषि चालु	९०१८५.००		धरौटी (ग ३ खाता)	५९६३९१६.९१			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			कृषि पुँजीगत	९९१४३.००		विविध कोषहरु ग ५-१खाता	१०००००.००		
			संघीय पुँजीगत	३१८०९४.००		विभाज्य कोष (ग ६-१ खाता)	०.००		
			प्रकोप व्यवस्थापन कोष	६२७८१.५०		आकस्मिक कोष (ग ७-१ खाता)	०.००		
						प्रकोप व्यवस्थापन कोष(ग७-२ खाता)	०.००		
						नगद मौज्दात	०.००		
			जम्मा		५६९३९२२९९.९३	जम्मा		५६९३९२२९९.९३	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**अन्तर सरकारी अख्तियारी** आर्थिक कार्यबिधि तथा नियमावली बित्तीय उत्तरदायित्व नियमाबली २०७७ को नियम ४६ मा स्थानिय तह मार्फत कुनै आयोजना तथा कार्यक्रम कार्यान्वियन गर्नेगरी निर्णय भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानिय तहलाई संघिय निकायको ईकाईका रुपमा कार्यालयको कोड उपलब्ध गराई एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो कार्यक्रमको भुक्तानी निकासा दिने र अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम गर्ने कार्यालयले त्यस्तो अख्तियारी अनुसार भएको खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन स्विकृत ढाचामा अख्तियारी दिने निकायमा पठाउनुपर्ने ब्यबस्था छ । पालिकालाई यस बर्ष देहाय बमोजिम अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम कार्यन्वयन गर्न अख्तियारी तथा निकासा प्राप्त भई खर्च समेत भएकोमा खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाएको देखिएन । कानुनमा भएको ब्यबस्था अनुसार खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाउनु पर्दछ ।	

ब.उ.शि.नं.	बजेट	निकासा	खर्च
३६५०११११४	२००००००	०	०
३६५००१०४३	५९४६०००	४९१८०३७	४९१८०३७
३१४०१०१२३	८६९२८०००	८४२५२६९४	८४२५२६९४
३३६००१०२३	५४६०००	५४५८६०	५४५८६०
जम्मा	९५४२००००	८९७१६५९१	८९७१६५९१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**सवारीसाधन खरिद** अर्थ मन्त्रालयवाट जारी स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारी साधन खरिदमा रु.७००९००।- तथा १ थान चार पांग्रे सवारी साधन खरिदमा रु.२७७६०००।- समेत रु.४२१५८००।- खर्च गरेको छ । निर्देशिकामा उल्लेखित व्यवस्थाको पालना हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**निमार्ण सामाग्रीको गुणस्तर परीक्षण** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नभएको देखिन्छ । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ ।	
७			**सार्वजनिक परिक्षण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्र्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक, भवन, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास सेवा तर्फको कार्यक्रमको सार्वजनिक सुनवाई गरेको जनाए तापनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन । कतिपयमा वजेट खर्च उल्लेख गरेको देखिदैन । केहिमा सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाको न्यून उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजानिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानूनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।	
८			**कार्य सम्पन्न प्रतिवेदन र एजविल्ट नक्सा** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्ययसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा पेश गर्नु पर्ने, निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा यकिन गरी दावी गर्दा कार्यालयले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी प्रमाणित गरेर राख्नु पर्ने र त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीहरुले पुल निर्माण कार्य बाहेक सडक निर्माण कार्यहरुको एजविल्ट नक्सा कार्यालयमा पेश गर्ने गरेका छैनन । त्यस्तै कार्यालयले त्रुटी सच्चाउने पर्ने दायित्व सम्बन्धी अभिलेख राखेको छैन र त्यस्तै त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै सबै निर्माण कार्यको कार्य सम्पन्न प्रतवेदन तयार गरेको देखियो । त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै कार्य सम्पन्न प्रतिवेदन जारी गरेकोले निर्माण व्यवसायीले त्रुटी सम्बन्धी दायित्वबाट उन्मुक्ती पाउन सक्ने अवस्था देखिएको छ । अतः नियमानुसार सबै निर्माण कार्यको एजविल्ट नक्सा जारी गर्ने, कार्य स्वीकार्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण कार्य सम्पन्न गराउने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ ।	
९			**कोभिड** कोभिड १९ महामारी नियन्त्रण कार्यक्रम खर्चको परीक्षण गर्दा निम्नानुसार पाइयोः	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९.१			कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि सीमा नाका व्यवस्थापन, तथ्याङ्क संकलन, समुदायमा सचेतना कायक्रम, स्वास्थ्य सामाग्री वितरण, फिवर क्लिनिक संचालन परीक्षण तथा उपचार लगायतका कार्यहरु गरेको भन्ने विवरण पेश गरेको छ । कोरोना पिडित जनताका लागि राहत वितरण गर्न चामाल, दाल, नुन, तेल लगायतका खाद्य वस्तु तथा औषधी र स्वास्थ्य उपकरण तथा अन्य विविध सामाग्रीहरु खरीद गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को प्रक्रिया अवलम्बन नगरी विशेष परिस्थिती उल्लेख गरी सिधै खरिद भएको देखियो । कोभिड जस्ता प्रकोप महामारीको पूर्व आँकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाई कार्य गर्ने तर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ ।	
९.२			गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा गत वर्षको अ.ल्या. रु.७६७२१८, यस वर्ष संघीय सरकार, प्रदेश सरकार र पालिकाबाट रु ३५१५६९३ गरी जम्मा रु. ४२८२९११।- आम्दानी भएको छ । उक्त आम्दानीवाट खर्च भएको रु. ३१४७३७२।९२ मध्ये रु.६०३४०३।- राहत वितरण, औषधी तथा औषधीजन्य सामान खरिदमा रु.५३०१८४।-, स्वास्थ्यकर्मी जोखिम भत्तामा रु.११९७२९८।- र बाँकी क्वारेन्टाइन निर्माण, खाजा खाना र विविधमा खर्च भएको छ ।	
१०			**सम्पत्ति अभिलेख** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले सम्पत्ति हस्तान्तरणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरी मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
११			**भू उपयोग नीति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू–जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस पालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलव्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।	
१२			**आन्तरिक नियन्त्रण प्रणाली**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाइएन । • गाँउपालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । • गाँउपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै गाँउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाँउपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • गाँउपालिकाले सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामान वितरण गरेको पाईयो । • वडा कार्यालय तथा विषयगत शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाँउपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाँउपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• गाँउपालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण बनाई लागु गरेको पाइएन । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाइएन । • गाँउपालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको देखिएन। • इन्धन खर्चको लगबुक राख्ने गरेको देखिएन । • विभिन्न योजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयारीको क्रममा प्रस्ताव आह्वानदेखि छनौट सम्मका प्रकृयाको अभिलेख व्यवस्थित गरि राख्ने गरेको देखिएन । • गाँउपालिका अध्यक्षले पालिका क्षेत्र भन्दा बाहिर ३ दिन भन्दा बढी अवधीको भ्रमण आदेश कार्यपालिका बैठक बाट अनुमोदन वा स्वीकृत नगराई आफैँले स्वीकृत गर्ने गरेको देखियो । • दैनिक भ्रमण अभिलेख नराख्नुका साथै भ्रमण प्रतिवेदन पेश गर्ने गरेको देखिएन । • जिन्सी सामानको दाखिला Public Assets Management System मा इन्ट्री गरेको भए तापनि दाखिला नम्बर अनुसारको भिडान गर्न सकिएन । • सवारी साधन मर्मतको अभिलेख तथा पुरानो सामानको दाखिला राखेको छैन । • विभिन्न बैठक भत्ता भुक्तानी गर्दा समय र माइन्युट संलग्न छैन । • नगदी रसिद नियन्त्रण खाता अध्यावधिक गरी राखेको छैन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय गराई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**सूचना प्रविधि** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायको कार्य व्यवस्थित गर्नुपर्नेसम्बन्धमा गरेको नपाइएकोले आगामि दिनमा व्यवस्थित गर्नुपर्दछः • कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, • सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ नराखेको, • सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**सवारी साधन मर्मत** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनैं मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्न त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनु पराउनु पर्ने तथा नियम ९६ मा मालसामान मर्मत गर्न नयाँ सामान खरिद गरेकोमा पुराना पाटपुर्जा उपकरणको प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्रविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा रहेका सवारी साधनहरु मर्मत संभार गर्दा सम्बन्धित प्राविधिबाट मर्मतको लागत अनुमान नबनाएको तथा सवारी साधन मर्मत गर्ने कार्यादिश मलेप फारम नं ९०६ नराखेको तथा सवारी मर्मत कार्यको सम्बन्धित प्राविधिकबाट सिफारिस नगरी भुक्तानी गरेकोले नियमित नभएको रु.	८५३,०७३

भौचर र मिति	सवारी साधन	मर्मत गर्ने फर्मको नाम	रकम
२५-२०७७/६/५	व्यकहो लोडर	केशरीचन्द्र भावनवाल	५२०२५
११०-२०७७/८/९			११५३७५
१५८-२०७७/९/८			१७१९४०
३८८-२०७८/१/८			९२३४०
५०२-२०७८/३/१			१४५०००
६०३-२०७८/३/२२			९८५२०
२३१-२०७७/११/२	प्र १-०१-००१ झ	विर्ता अटो वर्कसप	१७७८७३
जम्मा			८५३०७३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५			**बेरुजू लगत** पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरुजू प्रतिवेदनको अभिलेख देहायको म.ले.प. फाराममा राख्नु पर्ने व्यवस्था भएकोमा राखेको नपाइएकोले आगामी दिनमा तोकिएको म.ले.प. फारममा बेरुजू अभिलेख राखि अध्यावधिक गर्नु पर्दछ । • म.ले.प. फाराम नं. ८०१ बेरुजु लगत • म.ले.प. फाराम नं. ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन • म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख • साविकको गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजू समायोजन भएको गाउँपालिकामा कायम गरी पेश्की फछ्यौट तथा बेरुजू सम्परीक्षण गर्नुपर्ने ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**धरौटी फिर्ता** सरकारी लेखा निर्देशिका, २०७३ को परिच्छद १२.५ को ङ (आ) मा धरौटी रकम फिर्ता गर्दा उक्त भुक्तानी वापत लाग्ने कर तथा मूल्य अभिवृद्धि कर दाखिला भएको कर कार्यालयको कर समायोजन पत्र पेश हुनु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले देहायको धरौटी फिर्ता दिँदा मूल्य अभिवृद्धि कर दाखिला भएको कर समायोजन पत्र वेगर धरौटी फिर्ता गरेको छ । यसरी फिर्ता गरेको रकमको कर समायोजन प्रमाण पेश हुनु पर्ने रु.	१,१९८,९१५

गो.भौ.नं.	धरौटी फिर्ता लिनेको नाम	कामको विवरण	रकम
४-२ ०७७।६।१८	माइ भगवती पुराण निर्माण सेवा, इलाम	लाप्चा वस्तिमा शुलभ निर्माण	७४३६०
५-२ ०७७।६।२०	उत्तम प्रगती निर्माण सेवा, इलाम	विच प्यूरे सडक स्तरोन्नती	२२०४०
२४-२ ०७७।१२।२४	अनुपा सि टि कन्स्ट्रक्सन प्रा लि, झापा	ढुंगा गिट्टी बालुवा निकासी	१०५००
६	सक्षम निर्माण कम्पनि प्रा.लि.		४५६०६४
७	जय इश्वरी निर्माण सेवा प्रा.लि.		१२७९१९
९	जयराम टायर एण्ड इनर्जि		४२२१०
१०	जिरो सप्लायर्स प्रा.लि.		७९१०४
२४	कपिला निर्मण सेवा		३८६७१८
जम्मा			११९८९१५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**खाना तथा विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष गाँउपालिका चालु बजेट अन्तर्गत विविध शीर्षकमा रु.५५,६०,०२५।- खर्च गरेको छ । पालिकाले आवश्यकताको आधारमा खर्च गरी मितव्ययिता कायम गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि पालिकाले यस वर्ष विविध सहायता भनी रु. २,२७,५००/- खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।	
१९			**नमुना विद्यालय गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं.८.६ मा नमुना विद्यालयले स्वीकृत गुरुयोजना अनुरुप स्थानिय तहले नमूना विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यमा खर्च गर्ने प्रयोजनको लागि अनुदान उपलब्ध गराउने व्यवस्था छ । उक्त अनुदान रकम विद्यालयलाई उपलब्ध गराउँदा सम्पादन हुने कार्यक्रमको लागत अनुमान तथा विद्यालयको ड्रइङ डिजाइनिङ सहितको गुरुयोजना निर्माण सहित अनुदान माग गर्न लगाइ उपलब्ध गराउने विद्यालयले भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रहि निर्माण कार्य सञ्चालन गर्ने तथा उक्त बजेट विद्यालयलाई उपलब्ध गराउँदा विद्यालय र स्थानिय तह वीच सम्झौता गरी कार्य प्रगतिका आधारमा उपलब्ध गराउने व्यवस्था रहेको छ । यस गाउँपालिका अन्तर्गतको श्री शान्ति निकेतन माविलाई यस आ.ब.मा नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण योजना कार्यान्वयन अनुदानका लागि रु.१ करोड ५० लाख विनियोजन भएको छ । उक्त माविलाई भौ.नं. ५९-२।३० मा रु ७४ लाख निकासा दिएको देखिन्छ । रु. १ करोड ४४ लाखको लागत अनुमान तयार गरी भवन ठेक्का खोलिएकोमा कार्की निर्माण प्रा.लि. को न्यूनतम कबोल अंक रु.९०,७३,९८२।२९ मा ठेक्का सम्झौता भएको पाइयो । ठेक्काबाट बचेको रकमबाट छात्रावास निर्माण को बाँकी रहेको कामका लागि भनि रु.५५,७५,०३०।५४ को लागत अनुमान तयार गरी विद्यालयबाट बाँकी अनुदान निकासाका लागि निवेदन पेश भएकोमा भौ.नं. १०८-३।२५ मा रु ७५,९९,९६४ निकासा भएको देखिन्छ । निकासा उपलब्ध गराएकोमा अनुदान निकासा कार्य प्रगतिको आधारमा नदिएको र सो विद्यालय भवन निर्माण कार्यको विद्यालयको प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, सम्बन्धित प्राविधक र प्रमुख प्रशासकिय अधिकृत सहितको प्रमाणित प्राविधिक मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदन, पेश नभएकोले खर्च पुष्टि गर्ने कागजात पेश हुनुपर्ने रु	१४,९९९,९६४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०			**निजी लगानिका विद्यालयको छात्रवृत्ति** अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक वालविकास कक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । विद्यार्थी संख्या — निशुल्क शिक्षाका लागि आरक्षण संख्या ५०० जना सम्म — कम्तिमा १० प्रतिशत ५०० जना देखि ८०० जना सम्म — कम्तिमा १२ प्रतिशत ८०० जना भन्दा बढी — कम्तिमा १५ प्रतिशत यस गाउँपालिका क्षेत्र भित्र निजी लगानीमा सञ्चालित विद्यालयहरुले नियममा व्यवस्था भए बमोजिम निशुल्क शिक्षाका लागि आरक्षण व्यवस्था गरेको विवरण पेश भएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
२१			**शैक्षिक प्रतिवेदन** अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकले नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका बालबालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका बालबालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।	
२२			**सेवा प्रवाह** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । गाउँपालिकाले वडागत सेवा प्रवाहको विवरण तयार नगरेकोले कुन कुन वडाले यस वर्ष जन्म दर्ता, मृत्यु दर्ता नागरिकता सिफारिस, घरबाटो सिफारिस नाता प्रमाणित आदिको विवरण माग गर्दा कुनै पनि विवरण प्राप्त हुन नआएको कारण पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गरेको पाइएन ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च
प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २४ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २६ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>गा पा पुंजिगत</td><td>१५८६०७</td><td>१४४०</td><td>२७७७८</td><td>१२९३८९</td><td>७५२५३</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>०.९१</td><td>१७.५१</td><td>८१.५८</td><td>४७.४५</td></tr>
</table>
उपरोक्त विवरणलाई विश्लेषण गर्दा अन्तिम चौमासिकमा र विशेष गरी आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ । यसरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>कानून निर्माण र कार्यान्वयन
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा ऐन, ५ वटा नियमावली, ४८ कार्यविधि गरी ७५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>न्यायिक समिति
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धी व्यवस्था छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ वटा र यो बर्ष ६ विवाद दर्ता भएकोमा ६ फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट उपर छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेटमा स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री चन्द्रकला राईले २०७७।३।१० गते रु.४९ करोड ३३ लाख ९९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनमा भएको व्यवस्था बमोजिम समयमै अख्तियारी दिनुपर्दछ ।	
२७			**रकमान्तर** आर्थिक वर्ष ०७७।७८ का लागि स्वीकृत भएको योजना तथा कार्यक्रममा विभिन्न कोष तथा योजना तर्फ स्वीकृत रु. २,८४,८४,२९१ रकम बराबरको ५० योजनालाई रकमान्तर गरी नयाँ योजना रु.५,७४,११,४४५.८८ रकम बराबरको ८७ योजना कार्यापालिकाको पटक पटकको निर्णयले नयाँ योजना कार्यान्वयन वा भएका योजनाम थपघट गरी सभामा सिफारिस भई नगरसभाको हिउँदे बैठकले स्वीकृत गरेको देखियो । योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वयनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।	
२८			**बजेट सीमा निर्धारण समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था रहेको छ । उक्त समितिले समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले उक्त समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
२९			**बजेट तथा कार्यक्रम तर्जुमा** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । कार्यालयले सोअनुसार बजेट तर्जुमा गरेको पाइएन ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>बजेटको तुलनामा खर्च %</th><th>कुल खर्चको तुलनामा खर्च %</th></tr>
<tr><td>आर्थिक विकास</td><td>३९७१४९५५</td><td>३२७८४८३०</td><td>८२.५५</td><td>८.५९</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>१८६५९७९९९</td><td>१६१४६२२६४</td><td>८६.५३</td><td>४२.३२</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१५१६५९०८३</td><td>९५७३७९३०.४२</td><td>६३.१३</td><td>२५.१</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>५८१२०००</td><td>३०४९५८७</td><td>५२.४७</td><td>०.८</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१०९६१५६९७</td><td>८८४४९०२४</td><td>८०.६९</td><td>२३.१८</td></tr>
<tr><td>जम्मा</td><td>४९३३९९७३४</td><td>३८१४९३६३७.२३</td><td>७७.३१</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकास क्षेत्रमा ६३.१३ प्रतिशत र वित्तिय व्यवस्थापन तथा सुशासनमा ५२.४७ प्रतिशत रहेको छ । बजेटको तुलनामा सबै क्षेत्रमा लक्ष्य अनुसार न्यून खर्च भएको देखिएकोले पुँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्देश्य हासिल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>पाश्व चित्र
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानिय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानिय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुन आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकीकरणमा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**चौमासिक प्रगति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिकाको वैठकमा पेश गर्नु पर्ने व्यवस्था छ । त्यस्तै उपदफा (५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ । कार्यालयले चौमासिक अवधि समाप्त भएपछी कानूनमा व्यवस्था भए बमोजिम प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाएको देखिएन ।	
३३			**साना / टुक्रे योजना छनौट र कार्यान्वयन** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउदा सहभागीतामुलक,उत्पादनमुलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजनाछनौट गरि प्राथमिकीकरण गर्नु पर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बाषिर्क योजना २०७७।७८ अनुसार पालिकाले स्वीकृत गरेका अधिकाशं योजना वडागत रुपमा बनाइएका तथा न्युन बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस बर्ष सञ्चालन गरेको योजनाको संख्या देहाय अनुसार रहेको छ । रु १ लाख सम्म: ११० | रु १ लाख देखि २ लाख सम्म: ७४ | रु २ लाख देखि ५ लाख सम्म: १९ | रु ५ लाख देखि १० लाख सम्म: ४ | रु १० लाख बढीका: ५ | जम्मा: २१२	
३४			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित १५ जना पदपूर्ती भएको देखिन्छ, जसमा समायोजन भई आएका ४ जना र साविक स्थानीय निकायका ५ जना रहेका छन् । विवरण अनुसार १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथासक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	

Nested table in row ३३:

रु १ लाख सम्म	रु १ लाख देखि २ लाख सम्म	रु २ लाख देखि ५ लाख सम्म	रु ५ लाख देखि १० लाख सम्म	रु १० लाख बढीका	जम्मा
११०	७४	१९	४	५	२१२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५			**कर्मचारी करार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु. ८८१२०९९/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको १२ सहायक कम्प्युटर अपरेटर, २ इन्जिनियर जना, २ ना प से प्रा , १ खेल प्रशिक्ष, १ आइटी अफिसर, १ प्राविधिक सहायक, १ आर्किटेक्ट इन्जिनियर, १ अमिन र १ जना बाली संरक्षण पदमा करार नियुक्ति गरी बर्षभरीमा रु. २७४८००० भुक्तानी गरेको अनियमित देखिएको रु	२,७४८,०००
३६			**फिल्ड भत्ता** गाउँपालिकाको सभाले निर्णय गरी पालिकालामा कार्यरत इन्जिनिय, अ.स.ई. तथा पशु प्राविधिक कर्मचारीहरु ७ जनालाई मासिक फिल्ड भत्ता भुक्ती भएको पाइयो । यस वर्ष फिल्ड भत्ता रु.१०८०००/÷ भुक्तानी गरेको गरेको छ । कर्मचारीहरु फिल्डमा गई कार्य गरेको विवरण देखिने गरी मासिक फिल्ड प्रतवेदन संलग्न नगरी भत्ता भुक्तानी भएको पाइएयो । अतः पालिकाले आगमी दिनमा यस्तो भत्ता भुक्तानी गर्दा कार्य सम्पादन देखिने विवरण/प्रतिवेदन समावेश गरी भुक्तानी दिई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ ।	
३७			**तलवी प्रतिवेदन** निजामती सेवा ऐन, २०४९ अनुसार तलब र ग्रेड भुक्तानी दिँदा पारित ग्रेडलाई निजामती किताबखाना, कोष तथा लेखा नियन्त्रक कार्यालय वा आ.ले.प. शाखाबाट ग्रेड भिडान गरेर तलबी प्रतिवेदन पारीत गरी तलब भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले आ.व. ७७/७८ मा रु ९५०५२६५ तलब खर्च गर्दा तलबी प्रतिवेदन पारित नगरी खर्च गरेको छ ।	
३८			**अवकाश कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कल्याणकोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकावाट उक्त कोषको संचालन सम्बन्धी कुनै ऐन, कानून, कार्यविधिको व्यवस्था भएको देखिएन ।	
३९			**ड्रइङ्ग डिजाइन** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ बमोजिम कार्यालयले निर्माण कार्यको ड्रइङ्ग डिजाइन तयार गर्नुपर्दछ । ड्रइङ्ग तयार नगरेको कार्यालयले सडकको माटो कटिङ्ग लगायतको कार्य गर्दा Cross Section Drawing तयार नगरेको, Structure हरुको Drawing तयार गरेको छैन । जसले गर्दा परिमाण एकीन गर्न सकिएन । साथै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार अन्तिम विल भुक्तानी गर्दा कहाँबाट कहासम्म कार्य भएको हो सो नापी किताब तयार गर्नपर्ने र सोही अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । अधिकांश योजनामा Structure को चेनेज नखुलाएकोले काम कहाँ भयो खुलेको छैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०			**आन्तरिक आय** यस वर्ष गाउँपालिकाले प्रक्षेपण गरेको राजस्व अनुमान भन्दा कम संकलन भएको देखियो । अपेक्षित राजश्वको तुलनामा कम मात्रामा राजश्व उठ्नु उचित देखिएन । SUTRA बाट प्राप्त विवरण अनुसार शिर्षकगत रुपमा प्राप्त आन्तरिक राजस्व र प्राप्त प्रतिशत अनुसूचीमा समावेश छ । वजेट लक्ष्य धेरै राख्ने तर आम्दानी हासिल गर्ने तर्फ ध्यान नदिइ राजस्व बुझाउन आएका करदाताको रकम मात्र प्राप्त गरेकोले लक्ष्य हासिल भएको छैन ।	
४१			**सवारी कर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।	
४२			**स्थानीय तहरूको विभाज्य कोष** प्रदेशहरुको आन्तरिक आय व्यवस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले बाडँफाडँ गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेको छैन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यथार्थ असुलीका अभिलेख नहुँदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडँफाडँ गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**आन्तरिक आयको अभिलेख** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (५) ले राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, बित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्। • गउँपालिका र अन्तर्गतका प्रत्येक वडा कार्यालयलाई दिएको नगदी रसिद प्रयोग भएका र बाँकी रहेको रसिदको अद्यावधिक विवरण नराखेको । • मासिक राजस्वको फाँटवारी तयार नगरेको । • राजस्वको बैंक हिसाब मिलान विवरण मलेप १०९ तयार नगरेको । • वडागत तथा शिर्षगत राजस्व संकलन रकमको विवरण प्राप्त नभएको । • प्रत्येक वडा कार्यालयले संकलन र दाखिला गरेको आन्तरिक आयको हिसाब लिई भिडान नगरेको । • वडा कार्यालयले दाखिला गरेको आधारमा मात्र संचित कोषमा आम्दानी बाध्ने गरेको । कार्यालयवाट आर्थिक वर्ष भरि कति नगदि रसिद जारी गरियो र कति रसिदको आम्दानी प्राप्त भई कति रसिदको आम्दानी गर्न बाँकी छ सो देखिने विवरण लेखापरिक्षणको लागि पेस भएन । रसिद नम्वर र बैंक भौचरलाई दैनिक आम्दानी रजिष्टरमा पोष्टिङ नगरि बैंकमा आम्दानी भएको र राजश्व असुल गर्ने व्यक्तिले जम्मा गर्न ल्याएको आधारमा आम्दानी भयो भनि एकिन गर्न सक्ने अवस्था रहेन ।	
४४			**नेपाल रेडक्रसलाई अनुदान** १६३ -७८/१/१५ नगर पालिकाले नेपाल रेडक्रस सोसाइटी इलामको भवन निर्माण गर्नको लागि रु.१५००००/-अनुदान अनुदान भुक्तानी सम्झौतामा आयोजना सम्पन्न पश्चात आयोजनाको प्राविधिक मूल्यांकन सहितको प्रतिवेदन र भवन निर्माण कार्यमा खर्चको प्रमाणित विल भरपाई पालिकामा पेश गर्नुपर्ने उल्लेख छ । सम्झौतामा उल्लेख भए अनुसार भवन निर्माण कार्य सम्पन्न पछिको कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त कागजात पेश गर्नुपर्ने रु.	१५०,०००
४५			**वित्तिय विवरण**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५.१			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यायको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६ (२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी पालिकाले लेखांकन गर्नुपर्दछ । • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • वित्तिय प्रतिववेदन म.ले.प.फा.नं. २७२ को प्राप्ति भुक्तानीको प्राप्ति महलमा संघीय सरकारबाट रु२८९९१३००० प्राप्त भएको देखिएकोमा सोही प्रतिवेदनको अनुसूची १२ मा रु३०२९६०६२० प्राप्त भएको देखिन्छ । संघीय ससर्त प्राप्तिमा फरक परेको रु१३०४७६२० सम्बन्धमा एकिन गर्न सकिएन ।	
४५.२			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४ को दफा १० मा स्वीकृत बार्षिक बजेटमा विनियोजन भै निकासा भएको रकम कुनै कारणवश खर्च हुन नसकी खर्च खातामा रहेमा आर्थिक वर्षको अन्तमा संचित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ । गाउँपालिका पुँजीगत खर्च खाताको बैंक नगदी किताबमा रु ३००००० खर्च नभई बाँकी रहन गएको देखाएकोले संचित कोषमा फिर्ता गर्नुपर्ने रु.	३००,०००
४५.३			गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु. ६५०६४७३५ संचित कोषमा मौज्दात देखिएकोमा गाउँपालिकाको वित्तिय प्रतिववेदन म.ले.प.फा.नं. २७२ को अनुसूची १० को संचित कोषको अवस्थामा गत बर्षबाट जिम्मेवारी सरेकोमा रु.६५०७३७३५ देखिन्छ । जिम्मेवारी फरक परेको रु.	९,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६			**पेश्की बाँकी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा निम्न अनुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु.	८७१,८४१
४७			**करुणा फारउण्डेसन** करुणा फउण्डेसन कार्यक्रमको परीक्षण गर्दा निम्नानुसार पाइयोः	

पेश्की लिनेको नाम	पेश्की दिएको मिति	पेश्की	
		म्याद ननाघेको	म्याद नाघेको
इलाम कन्सट्रक्सन	०२/१७/२०७८	२३५२३४	
बुलन्द मल्टिटेक्निकल मिडिया प्रा.लि.	०१/१४/२०७८	२०८६५४	
अम्विखोला चामेटार बेसि जल उ.स	०२/२३/२०७८	५५००८०	
गुम्बा डाँडा सिँचाई जल उ.स	०२/२३/२०७८	६३३९५३	
सिम्ले मालबासे जल उ.स	०२/२३/२०७८	६९४६९४	
ठोटने खोला प्यूरे सिंचाई जल उ.स	०३/२३/२०७८		८७१८४१
जम्मा		२३२२६१५	८७१८४१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७.१			**मोवाइल वितररण** २३५-२०७८/३/८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ बमोजिम पेश्की लिने व्यक्तिले काम सम्पन्न भएको १५ दिनभित्र खर्च प्रमाणित गर्ने कागजात तथा विल भरपाई सहित पेश गर्नुपर्ने व्यवस्था छ । कणा फाउण्डेसन अन्तर्गतको अपाङ्गता कार्यक्रम अन्तर्गत पालिकालका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मोवाइल वितरण कार्यक्रमको लागि १५ थान रु.४४२४७ मा खरिद गरी स.म.वि.नि. रेणुका राईले पेश्की फछ्यौट गरेको छ । खरिद गरेको मोबाइल लेखापरीक्षणको समयसमा पनि वितरण नगरी भण्डारमा नै मौज्दात रहेको पाइएकोले वितरण गरी भरपाइ पेश गर्नुपर्ने रु.	४४,२४७
४७.२			**पूँजिगत खर्च** करुणा फाउण्डेशनबाट प्राप्त हुने रकम र पालिलकाले लगानी गर्ने रकमको आधारमा वार्षिक बजेट तयार गरी सोही अनुसार खर्च लेख्नु पर्दछ । करुणा फाउण्डेसनबाट प्राप्त रकमलाई छुट्टै खातामा आम्दानी नजनाई पालिकालको आन्तरिक आयमा बाँधी पूँजिगत खर्चमा समावेश गरी खर्च गरेको छ । जसले गर्दा फाउण्डेसनबाट प्राप्त रकमको खर्च एकीन गरी परीक्षण गर्न सकिएन ।	
४८			**वृहत पोषण कार्यक्रम** १०५-२०७७/१२/२६ स्वास्थ्य संयोजक नरेन्द्र कुमार देवले स्वास्थ्यकर्मीहरुलाई वृहत पोषण प्याकेज क्षमता अभिवृद्धि तालिक कार्यक्रम इरौटार र वरफल्याङ्ग गोङमा संचालन गरी रु.६०००००० पेश्की फछ्र्यौट गरेको छ । २०७७।१०।५ देखि २३ सम्म भएको कार्यक्रममा सहभागीहरुलाई दैनिक भ्रमण भत्ता तथा यातायत खर्च वापत रु.३२६५०० भुक्तानी भएको छ । कार्यक्रममा प्रयोग नै भएको गाडी भाडा (२०७७।९।८ र ९ गते प्रयोग भएको उल्लेख) खर्च रु.१४४०० जनाएको छ । अत असम्बन्धित गाडी भाडा भुक्तानी भएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु.	१४,४००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>

गाडी भाडा

आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा कार्यालयले सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई संलग्न गरी अधिकार प्राप्त अधिकारीद्धारा स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ । सवारी साधन तथा मेशिनरी औजार भाडा शीर्षकबाटयस वर्ष कार्यालय प्रयोजनको लागि गाडी भाडामा लिई रु.१११०८८५/÷ खर्च लेखेको छ । कार्यालयले गाडी भाडामा लिंदा सम्झौता र भाडा दर निर्धारण नगरी सोझै लिएको तथा काम प्रयोजन खुल्ने विवरण संलग्न गरेको छैन । आगामी दिनमा गाडी भाडामा लिंदा सम्झौता र दर निर्धारण गरी आवश्यकताको आधारमा खर्च गर्नु पर्दछ । साथै देहायको गाडी भाडा खर्च लेखेकोमा गाडी भाडा लिएको नदेखिएकोले उक्त रकम असूल गरी दाखिला गर्नुपर्ने रु.

<table>
<tr><th>भौचर र मिति</th><th>गाडी धनीको नाम</th><th>गाडी नम्बर</th><th>हुनु पर्ने भुक्तानी</th><th>भएको भुक्तानी</th><th>बढी भुक्तानी</th></tr>
<tr><td rowspan="2">६४-०७७/६/२५</td><td>सन्तोष मंग्रान्ती</td><td>बा १३ च ७५७९</td><td>१००५००</td><td>१३८५००</td><td>३८०००</td></tr>
<tr><td>विपिन भुजेल</td><td>०</td><td>०</td><td>२२५००</td><td>२२५००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>६०५००</td></tr>
</table>
</td><td>६०,५००</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>

खर्च शीर्षक

अर्थ मन्त्रालयको च.नं. ८२४-२०७६/२/२० को आ.ब. २०७६/७७ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन अनुसार सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन प्रयोजन वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने व्यवस्था रहेकोमा यस गाउँपालिकाले सशर्त अनुदानको रकमवाट देहायको कार्यमा खर्च गरेको पाइयो । सशर्त शीर्षकवाट खर्च लेखेकोले उक्त खर्च नियम सम्मत नदेखिएको रु.

<table>
<tr><th>भौ.नं. र मिति</th><th>बजेट शिर्षक</th><th>खर्च शिर्षक</th><th>रकम</th></tr>
<tr><td>२१३-३/१०</td><td>स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च समेत</td><td>कोभिड अस्पतालमा कार्यरत कर्मचारीहरुको तलब तथा भत्ता</td><td>४२६६७८</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४२६६७८</td></tr>
</table>
</td><td>४२६,६७८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**टुक्रे खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सिमीत हुने गरी टुक्रा टुक्रा गरी बनाई खरीद गर्न नहुने व्यवस्था रहेको छ । तर गाउँपालिकाले फर्निचर लगायतका सामान खरिद गर्दा रु. ५ लाख भन्दा मुनिका टुक्रे प्याकेज मार्फत पटक पटक निम्न फर्मबाट खरिद गरेको पाइयो । यसरी नियम विपरित खर्च गरिनु नियमसम्मत भएन रु. <table><tr><td>भौ.नं. र मिति</td><td>फर्मको नाम</td><td>रकम</td></tr><tr><td>६७-१०/२८</td><td>एपि फर्निचर</td><td>३४०७११.९५</td></tr><tr><td>८६-११/१८</td><td>सुम्निमा फर्निचर उद्योग</td><td>९८०१५</td></tr><tr><td>९२-११।२६</td><td>सुम्निमा फर्निचर उद्योग</td><td>४०६००</td></tr><tr><td>९३-११।२६</td><td>रत्न फर्निचर उद्योग</td><td>२२५२६५</td></tr><tr><td>११७-१२।१९</td><td>सुम्निमा फर्निचर उद्योग</td><td>८००००</td></tr><tr><td></td><td>जम्मा</td><td>७८४५९१.९५</td></tr></table>	७८४,५९१.९५
५२	१२	२०७७-९-८	**बायोमास प्रविधि जडान कार्यक्रम** सुधारिएको चुलो (बायोमास) प्रविधि जडान कार्यक्रमका लागि मिति २०७७।८।२८ मा डाँफे बायो अल्टरनेटिभ इनर्जी कम्पनीसंग गाउँपालिका क्षेत्र भित्रका ४७ घर परिवारमा वायुग्यास वितरण तथा जडान गर्ने गरी रु.१९८२४६ सम्झौता भएको देखिन्छ । सो कार्यक्रमको कार्यसम्पन्न नभई मिति २०७७।९।८ मा रु.१९८२४६ को बिल पेश गरेको आधारमा भुक्तानी दिएको देखियो । सम्झौता बमोजिम लाभग्राहीको घरमा वायोग्यास चुलो जडान नगरी भुक्तानी दिनु नियमसम्मत भएन । जडान प्रमाण पेश गर्नुपर्ने रु.	१९८,२४६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५३			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । यस कार्यक्रम अन्तर्गत यस गाउँपालिकाका वडाहरुमा सडक नाला, मोटर बाटो निर्माण, भवन निर्माण, पदमार्ग निमाण, पहिरोमा तारजाली भर्ने कार्य लगायतका २७ वटा कार्यक्रम सञ्चालन गरी सूचिकृत बेरोजगार १०१८ मध्ये १६८ जना मार्फत औषतमा ८५.१७ दिन कार्य गराई यस वर्ष ज्याला रु.७३९७८४३।९४ खर्च गरेको छ । कार्यक्रममा लक्षित वर्गलाई ३२ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला खर्च लेखेको देखिन्छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन । वेरोजगारहरुको प्राथमिकिकरण सूची बमोजिम प्राथमिकताका आधारमा सबैलाई रोजगारी दिने व्यवस्था मिलाउनु पर्दछ ।	
५४			**संघीय संचितकोष दाखिला** सन्ध्या कला राईले मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत रु३०००० पेश्की फछ्र्यौट गर्दा रु११००० कार्यक्रममा खर्च नभई फिर्ता गरेकोमा संघिय कोषमा फिर्ता गर्नुपर्नेमा गाउँपालिका संचित कोषमा फिर्ता गरेकोले रु११००० स्थानिय संचितकोषबाट संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.	११,०००
५५			**अभिलेख व्यवस्थापन** स्थानीय तहमा स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७७।७८ मा स्थानीय तहबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखि प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था उल्लेख छ । सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथा प्रगति प्रतिवेदन पूर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६</td><td></td><td></td><td>दाखिला गर्न बाँकी दायित्वहरु
गाउँपालिकाले विभिन्न प्रकारका करहरु कट्टी गरी सम्बन्धित कर शिर्षकमा दाखिला नगरेको देखिएकोले सो रकम दाखिला हुनुपर्ने रु
<table>
<tr><th>दाखिला गर्न बाँकी दायित्वहरु</th><th>रकम</th></tr>
<tr><td>गापा चालु</td><td>३३४१३.</td></tr>
<tr><td>कृषि चालु</td><td>९०१८५.</td></tr>
<tr><td>कृषि पुँजीगत</td><td>९९१४३.</td></tr>
<tr><td>संघीय पुँजीगत</td><td>३१८०९४.</td></tr>
<tr><td>प्रकोप व्यवस्थापन कोष</td><td>६२७८१.५</td></tr>
<tr><td>जम्मा</td><td>६०३६१६.५</td></tr>
</table></td><td>६०३,६१६.५</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>मर्मत संभार कोष
मर्मत सम्भार कोषबाट खर्च भएको रकमबाट अग्रिम आय कर कट्टी रु २५८६० दाखिला हुन बाँकी रहेको श्रेस्ताबाट देखिएकोले कट्टी दाखिला रकम पेश हुनुपर्ने रु</td><td>२५,८६०</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>खरिद कारबाहीको अभिलेख
सार्वजनिक खरिद नियमावली, २० ६४ को नियम १३७ (१) मा गाउँपालिकाले हरेक खरिद कारबाहीको निम्ति छुट्टा छुट्टै फायल खडा गरी राख्नु पर्ने व्यवस्था छ । त्यस्तै उपनियम (२) मा त्यस्तो फायलमा राख्नु पर्ने कागजातको सूची उल्लेख छ । गाउँपालिकाले विभिन्न निर्माण तथा आपुर्ति कार्य ठेक्का मार्फत गरेकोमा हरेक खरिद सम्झौताको छुट्टाछुट्टै फायल खडा गरी राखेको छैन । यसबाट कुनै निश्चित खरिद कार्यको बारेमा जानकारी लिन कठिनाइ भएको छ ।</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>कार्यसम्पन्न प्रमाणपत्र
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३४ को उपनियम (९) मा कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएपछि गाउँपालिकाले सम्बन्धित निर्माण व्यवसायीलाई कार्य सम्पन्न प्रमाणपत्र (वर्क कम्प्लिसन सर्टिफिकेट) दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई यस्तो प्रमाणपत्र दिने गरेको छैन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०			**खरिद सम्झौताको सूचना** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३७ मा खरिद सम्झौता भएको तीन दिन भित्र सो सूचना सम्बन्धित सार्वजनिक निकायले आफ्नो सूचना पाटीमा टाँस गरी जिल्ला समन्वय समितिको कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयको सूचना पाटीमा टाँस गर्न लगाउने व्यवस्था गर्नु पर्ने र त्यस्तो सूचना आफ्नो वेवसाइटमा राखी सार्वजनिक खरिद अनुगमन कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले गरेका खरिद सम्झौताको सूचना सार्वजनिक गर्ने गरेको छैन । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।	
६१			**आयोजना हस्तान्तरण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेका आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । सम्पन्न आयोजनाहरु नियमानुसार हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।	
६२			**नापी किताव** निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई नापी किताव नराखिदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज नहुने हुँदा अभिलेख राखीनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६३			**हेभी मेशिनको प्रयोग** हेभी इक्विपमेण्टको प्रयोग सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरी कार्य गरेको पाइयो । नियमावलीको व्यवस्था बमोजिम यसरी हेभी मेसिन प्रयोग गर्नुपर्दा सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँपालिकाले कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन:	

उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
हाँसपोखरी मझुवा सारुपाखा इरौटार बहुवन सडक उ.स.	सडक निर्माण	११४७०००	एक्साभेटर मेसिन	१३२००००
चिसापानी रिङ्ग रोड सडक निर्माण उ.स.	सडक निर्माण	७६००००	,, ,,	९५५४५७
वदमटार ढोडेनी वरफल्याङ्ग स्तरोन्नती उ.स.	सडक निर्माण	४७५०००	,, ,,	५७००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४			**खरिद कारबाहीको अभिलेख** सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १३७ (१) मा गाउँपालिकाले हरेक खरिद कारबाहीको निम्ति छुट्टा छुट्टै फायल खडा गरी राख्नु पर्ने व्यवस्था छ । त्यस्तै उपनियम (२) मा त्यस्तो फायलमा राख्नु पर्ने कागजातको सूची उल्लेख छ । गाउँपालिकाले विभिन्न निर्माण तथा आपुर्ति कार्य ठेक्का मार्फत गरेकोमा हरेक खरिद सम्झौताको छुट्टाछुट्टै फायल खडा गरी राखेको छैन । यसबाट कुनै निश्चित खरिद कार्यको बारेमा जानकारी लिन कठिनाइ भएको छ ।	
६५			**निर्माण कार्यको लगत** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्यसम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष सञ्चालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । पालिकाले गतविगत वर्षदेखि सञ्चालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६६			**वीमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा बढीको निर्माण कार्य गर्दा मेशीन औजार वा प्लान्ट लगायतको बीमा गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले उपभोक्ता समितिमार्फत गराएका १० लाखभन्दा बढीका निर्माण कार्यको बीमा गराएको छैन । निर्माण कार्यमा संलग्न हुने श्रमिक, प्राविधिक तथा मालसामानको सुरक्षाको लागि उपभोक्ता समितिसँग सम्भौता गरी कार्य गराउँदा सम्भौतामा बीमाको समेत दफा राखी सम्झौता गरिनुपर्दछ ।	
६७			**नन्फाइलर** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले मूल्य अभिवृद्धि करको विवरण खुलाई भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले क्यापिटल टेक्नोलोजी मल्टीप्रपोज प्रा लि लाई निम्नानुसार भुक्तानी दिएकोमा उक्त फर्म कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.	८२,४५२

भौ. नं. र मिति	फर्मको नाम	प्यान नं	नन्फाइलर मिति	भुक्तानी रकम मु अ कर बाहेक	मु.अ. कर
२९२÷०७८/३/२०	क्यापिटल टेक्नोलोजी मल्टीप्रपोज प्रा लि	६०६८३७६३७	२०७७ एम १२	५२८०५३	६८६४७
३४५÷०७८/३/२४				१०६१९४	१३८०५
जम्मा					८२४५२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६८			**निशुल्क औषधी खरिद र वितरण** पालिकाले यस वर्ष सशर्त अनुदानबाट रु.६४७९९० र गापाबाट रु २९०००३ को औषधीहरु खरिद गरि स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरि पठाएको छ । खरिद भएका औषधीहरुको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा विवरण माग गरिएकोमा प्राप्त विवरणमा केही औषधीहरुको मौज्दात शुन्य देखाएको छ । त्यस्तै निशुल्क वितरण गर्ने औषधीमा निशुल्क वितरणका लागि भन्ने लोगो लगाएको पाइएन । कतिपय औषधीमा मुल्यअंकित समेत भएको पाइयो । पालिकाले निशुल्क वितरणको लागि आवश्यक पर्ने औषधीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुको मार्गदर्शन २०७७.७८ अनुसार अथोराइज्ड स्टक लेभल (ASL)र इमर्जेन्सी अर्डर पोइन्ट (EOP) निर्धारण र सोको आधारमा औषधीको आपूर्ति र वितरण व्यवस्था मिलाउनुपर्दछ ।	

औषधिको नाम	अल्या	पालिकाबाट खरिद	स्वास्थ्य कार्यालयबाट प्राप्त	जम्मा	खर्च	बाँकी	निशुल्क लोगो
Paracetamol 500mg	२२७००	५००००	१३८००	८६५००	८६५००	०	नभएको
Calcium 500mg	०	८१७००	०	८१७००	८१७००	०	नभएको
Amoxicillin Dry Syrup	२१०	४७०	१०९	७८९	७८९	०	नभएको
Doxycycline 100mg	६४५००	८०००	६००००	१३२५००	१३२०००	५००	नभएको
Metformin 500 mg	०	६०००	१०००	७०००	७०००	०	नभएको
Cetirizine Hydrochloride	५५००	२१०००	२५००	२९०००	२९०००	०	नभएको
Ranitidine Hydrochloride	३२५	३३८००	१४००	३५५२५	३५५२५	०	नभएको

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६९			**औषधी खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस गाउँपालिकाले उक्त प्रक्रियावेगर ससर्त शिर्षकबाट अमन फार्मेसीबाट रु.६४७९९०।- र गापा चालुबाट सोही फार्मेसीबाट रु.२९०००३ गरी कुल रु.९३७९९३ को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः	
६९.१		२०७८-९-२६	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६९.२</td><td></td><td></td><td>जिन्सी कितावमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।</td><td></td></tr>
<tr><td>६९.३</td><td></td><td></td><td>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>६९.४</td><td></td><td></td><td>आपूर्ति हुने औषधि डब्लु.एच.ओ. वाट सटिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको ।</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>स्वास्थ्यकर्मीको तलबी प्रतिवेदन पारित नगरी खर्च
यस वर्ष स्वास्थ्य तर्फ स्थायी कर्मचारीहरुको तलब प्रतिवेदन पारित नगरी खर्च गरिएको रु.८१५५०६५ छ । तलबी प्रतिवेदन पारित गरि खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति
स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>३० विद्यालय</td><td>१७८</td><td>१७८</td><td>८४</td><td>२७३२</td></tr>
</table>
पालिकाको कुल दरबन्दीमा ४७ प्रतिशत दरबन्दी करारबाट भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>तलबी प्रतिवेदन
निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख२) र प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं.२०(२) मा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले आर्थिक वर्ष २०७७।७८ मा तलवी प्रतिवेदन पारित नगरि तलव खर्च लेखेको पाइयो । तलवी प्रतिवदेन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्न सकिएन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७३			**फिल्ड भत्ता** गाउँपालिकाको सभाले निर्णय गरी पालिकालामा कार्यरत इन्जिनिय, अ.स.ई. तथा पशु प्राविधिक कर्मचारीहरु ७ जनालाई मासिक फिल्ड भत्ता भुक्ती भएको पाइयो । यस वर्ष फिल्ड भत्ता रु.१०८०००/- भुक्तानी गरेको गरेको छ । कर्मचारीहरु फिल्डमा गई कार्य गरेको विवरण देखिने गरी मासिक फिल्ड प्रतवेदन संलग्न नगरी भत्ता भुक्तानी भएको पाइएयो । अतः पालिकाले आगमी दिनमा यस्तो भत्ता भुक्तानी गर्दा कार्य सम्पादन देखिने विवरण/प्रतिवेदन समावेश गरी भुक्तानी दिई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ ।	
७४			**राजस्व बाँडफाड** प्रदेश सरकार प्रदेश नं. १ को आर्थिक ऐन, २०७६ को अनुसूची ५ बमोजिम गाउँपालिकाले असुल गरेको राजस्व विभाज्य कोषमा आम्दानी जनाई ४० प्रतिशत प्रदेश सरकारलाई पठाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले विरिङ्ग खोलाको ढुँगा गट्टी बालुवा बिक्री तथा निकासी शुल्क वापत यस वर्ष रु.७८९१००/- आम्दानी गरी पालिकाको संचित कोषमा आम्दानी गरेको छ । ऐनको व्यस्था अनुसार प्रदेश सरकारलाई बाँडफाँड गरी पठाउनु पर्ने रु. आय शीर्षक: ढुँगा गिट्टी बालुवा शुल्क; संकलित रकम: ७८९१००; प्रदेशलाई पठाउनु पर्ने प्रतिशत: ४०; पठाउन बाँकी रकम: ३१५६४०	३१५,६४०
७५			**पाथिभारा क्षेत्र विकास कोष** पाथिभारा क्षेत्र विकास कोष परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७५ को बुदा नं ३ मा पाथिभारा क्षेत्र विकास कोषको ७५ प्रतिशत आम्दानी रोङ गाउँपालिकाको खातामा जम्मा हुने गरी स्थापना गरिने उल्लेख छ । पालिकाले कोषको कार्यविधि अनुसार पाथिभारा क्षेत्र विकास कोषबाट प्राप्त आम्दानीको अभिलेख राखेको पाइएन । जसले गर्दा पालिकालाई कति आम्दानी भयो भनी एकीन गर्न सकिएन ।	
७६			**रसिद नियन्त्रण खाता** गाउँपालिकाले रसिद नियन्त्रण खाता राखेको भएता पनि तोकिएको ढाँचा नगदी रसिद नियन्त्रण खाता मलेप फारम नं ९०४ तयार नराखेकोले सो खाताले गत वर्षको नगदी रसिदको ठेली आम्दानी , खर्च र बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राखेकोमा अभिलेख पूर्ण देखिएन । रसिद ठेलिहरुको आम्दानी, खर्च र बांकिको विवरण स्पष्ट गरि रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ ।	

आय शीर्षक	संकलित रकम	प्रदेशलाई पठाउनु पर्ने प्रतिशत	पठाउन बाँकी रकम
ढुँगा गिट्टी बालुवा शुल्क	७८९१००	४०	३१५६४०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७७			**नदीजन्य सामाग्री उत्खनन तथा विक्री** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विरिङ्ग खोलाको ढुँगा गिट्ट बालुवा ठेक्का लगाएकोमा सम्झौता अनुसार सप्लायर्सले ज्येष्ठ १५ सम्म सबै शुल्क दाखिला हुनुपर्नेमा देहाय अनुसारको शुल्क दाखिला हुन बाँकी रहेकोले असुल गर्नुपर्ने रु. ठेकेदारको नाम: बि. टि. कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि. ; आय ठेक्काको नाम: विरिङ्ग खोला ; सम्झौता रकम: ९३२२५० ; असुल भएको रकम: ७८९१०० ; असुल गर्न बाँकी रकम: १४३१५०	१४३,१५०
७८			**कारोबारको लेखा** कारोबारको लेखा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३(४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यलय प्रमुखको हुने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ दफा ५९ मा कार्यालयले जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भए तापनि त्यस्तो राजस्व स्वीकृत राजस्व वर्गीकरण र व्याख्या बमोजिम लगती तथा हसवली आम्दानी दाखिला गरी गोश्वारा भौचर दोहोरो लेखा प्रणालीमा राखी अध्यावधिक गर्नुपर्ने उल्लेख भएको छ । पालिकाले वडाबाट १/२ महिनामा प्राप्त हुने राजस्वको अभिलेख तोकिएको ढाँचामा नराखी वडा कार्यालयले दाखिला गरेको आधारमा मात्र संचित कोषमा एकमुष्ट आम्दानी बाँध्ने गरेको छ । राजस्वको मासिक फाँटवारी तयार गरेको छैन । राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्वको हिनामिना हुनसक्ने भएकोले यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	
७९			**राजस्व अधिलेख** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्व अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ । जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खाडा गर्नु समेत उल्लेख छ । पालिकामा दैनिक प्राप्त हुने राजस्व प्राय १/२ महिनामा दाखिला गर्ने गरेको छ । बैंक मार्फत राजस्व कारोवार गर्नुपर्नेमा नगदी रसिद मार्फत नगद राजस्व असूल गरेको छ । पालिकाले आगामी दिनमा विद्युतीय माध्यमको प्रयोग गरी नियममा तोकिएको समयमै राजस्व संकलन र दाखिला गर्नेतर्फ ध्यान दिनु पर्दछ ।	
८०			**व्यवसाय कर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत अद्यावधिक गरी राखेको पाइएन । लेखापरीक्षणमा पालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणको क्रममा पेश भएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख राखि निजहरुलाई करको दायराभित्र ल्याउनु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१</td><td></td><td></td><td>मेशिनको प्रयोग
कार्यालयमा एक व्याक हो लोडर रहेको छ । जसको मर्मत खर्च रु.६७५२००/-, दुई जना कर्मचारीलाई डोर हाजिरीमा पारिश्रमिक भुक्तानी रु.३८४६८४ तथा इन्धन खर्च गरेको छ । सो व्याक हो लोडर बर्षभरिमा कहाँ कति समय संचालन भई कति आम्दानी भयो सोको विवरण समेत पेश भएन ।जसले गर्दा व्याकहो लोडर वर्षभरीमा कति समय संचालन भई कति आम्दानी गरेको हो एकीन हुन सकिएन । मेसिन संचालनको कार्यविधि बनाई मेसिन संचालनमा ल्याउनु पर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>अग्रिम कर
आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व कर कट्टि गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिमको कर कट्टा गरेको देखिएन । अतः देहायका सम्बन्धित फर्म तथा व्यक्तिवाट कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>भौ०नं० र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>१५ प्रतिशत</th><th>१०५ प्रतिशत</th><th>जम्मा</th></tr>
<tr><td>८२-२०७८/३/३०</td><td>चिलिङ्ग भ्याट खरिद शान्तिपुर कृषि तथा पशुपालन समिति</td><td>३९८२३०</td><td>÷</td><td>५७९३</td><td>५७९३</td></tr>
<tr><td>३६७-२०७७/३/२९</td><td>स्वास्थ्य प्रमुख नेत्र प्रसाद पोख्रेल पेश्की फछ्र्यौट</td><td>१७८००</td><td>२६७०</td><td>-</td><td>२६७०</td></tr>
<tr><td>१०-२०७७/११/१२</td><td>श्रुति कुमारी तामाङ्ग तालिम कार्यक्रमको पेश्की फछ्र्यौट</td><td>१३५०००</td><td>६०००</td><td>÷</td><td>६०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td>१४४६३</td></tr>
</table></td><td>१४,४६३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८३			**वितरणको भरपाई पेश** आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा कार्यालयले सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई संलग्न गरी अधिकार प्राप्त अधिकारीद्धारा स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ । स्वास्थ्यतर्फको कार्यक्रम संचालन गरी भुक्तानी गर्दा देहयका सामनहरु वितरण गरेको भरपाई पेश नभएकोले सम्बन्धित लाभग्राहीलाई वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.	२६५,१३२

भौचर र मिति	सामानको नाम	लाभग्राहीको नाम	रकम
९-२०७८/३/२३	झोला, छाता र लाइट	महिला स्वास्थ्य स्वयंसेविका	११९९१७
४०-२०७८/३/८	घ्यू, ज्यानो र हर्लिक्स	गर्भवति तथा सुत्केरी महिला	१४५२१५
जम्मा			२६५१३२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८४			**अन्य सार्वजनिक कार्यालयको खर्च भुक्तानी** कुनै पनि सार्वजनिक कार्यालयले आफ्नो कार्यालयलाई वार्षिक रुपमा प्राप्त हुने बजेट अनुसार खर्च लेख्नु पर्दछ । पालिकाले यस वर्ष विभिन्न सार्वजनिक कार्यालयको समेत खर्च भुक्तानी गरेको देखियो । जसले गर्दा पालिकालाई बढी व्ययभार परेको रु.	१०९,५०४

कार्यालययको नाम	रकम
प्रहरी चौकी वडा नं ५	१८३१५
अस्थाइ प्रहरी चौकी वडा नं २	२४८८५
इलाका प्रहरी कार्यालय	४९६५६
प्रहरी चौकी हर्कटे	१६६४८
जम्मा	१०९५०४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८५			**वडा बैठक भत्ता** गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा वडा समितिको बैठकमा सहभागी भए वापत मासिक २ वटाको रु.१०००/÷ का दरले पाउने व्यवस्था छ । वडा समितिका सदस्यहरुलाई मासिक रुपमा समितिको बैठक भत्ता समेत समावेश गरी भुक्तानी गरेको छ भने प्राय सबैजसो सदस्य सचिवलाई दैनिक भ्रमण भत्ता भनी बैठक भत्ता भुक्तानी गरेको पाइयो । साथै देहायका सदस्य सचिवहरुलाई बैठक भत्ता भुक्तानी गर्दा बढी भुक्तानी भएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु.	३,०६०

भौचर र मिति	सदस्य सचिवको नाम	बैठक संख्या	हुनु पर्ने भुक्तानी	भएको भुक्तानी	बढी भुक्तानी
६-०७७/५/२४	प्रदिप गौतम	४	४०००	६०००	१७००
१३०-०७७/८/२३	तुलाराम श्रेष्ठ	८	८०००	९६००	१३६०
जम्मा					3060

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८६			**अनुगमन प्रतिवेदन** गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा गाँउ कार्यपालिकाको सदस्यहरुलाई अनुगमन भत्ता दिने व्यवस्था छ । कार्यपालिका सदस्यहरुलाई यस वर्ष अनुगमन वापत रु.६७२०००/- भुक्तानी भएको छ। अनुगमन कार्यको प्रतिवेदन संलग्न नगरी मासिक रुपमा सुविधा भुक्तानी भएको छ ।	
८७			**MIS विवरण** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५को परिच्छेद ४ को बुँदा नं १५ मा एम.आई.एस. अद्यावधिक लगतका आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेख संग भत्ता वितरण गर्न तयार गरिएको लाभग्राहीको सुचीको भिडान गर्दा प्रथम चौमासिकमा कुल २७९० लाभग्राहीको अभिलेख मात्र एम.आई.एस.मा देखिएको छ भने भत्ता वितरण गर्न २४९७ जनाको नामावली बैंकमा पठाईएको देखियो । त्यसै गरी दोश्रो चौमासिकमा एम.आई.एस. मूल अभिलेखमा २८३१ लाभग्राहीको अभिलेख रहेकोमा भत्ता वितरण गर्न २५५० जनाको नामावली बैंक पठाईएको देखियो । तेश्रो चौमासिकको एम.आई.एस मूल अभिलेखमा २८०४ लाभग्राहीको अभिलेख रहेकोमा भत्ता वितरण गर्न २६२१ जनाको नामावली बैंक पठाईएको देखियो । एम.आई.एस. विवरणको मूल अभिलेखमा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परीक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना.प्र.नं. जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, लाभग्राहीहरुको फोटो राखिएको नदेखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा गाउँपालिकाले एम.आई.एस. लगत अद्यावधिक गरेर मात्र भत्ता वितरण गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८८			**लगत कट्टाको अभिलेख प्राप्त नभएको** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण क्रममा मुल अभिलेख खाता र आ.व. २०७७।७८ मा लगत कट्टाको विवरण माग भएकोमा उपलब्ध भएन । मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख प्राष्ट नभएकाले दफा १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी यकिन गर्न सकिएन ।	
८९			**परदर्शिता र जवाफदेहिता** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३३ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन ।	
९०			**MIS र बैंक फरक** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १५(१) मा प्रत्येक स्थानीय तहले दफा १३ बमोजिम एम.आ.इ.एस.मा प्रविष्ट भएका लाभग्राहीहरुको अद्यावधिक प्रविष्ट वा प्रमाणित विवरणका आधारमा को.ले.नि.का.बाट नियमानुसार निकासा प्राप्त गर्ने भनी व्यवस्था रहेको छ । लाभग्राहीका एम.आइ.एस.र वितरण भिडान गर्दा सामाजिक सुरक्षाको अनलाईन सिस्टम MIS र बैंकले वितरण गरी पठाएको Reverse feed मा देहाय बमोजिम फरक परेको देखिन्छ ।	

चौमासिक	बैकले वितरण गरेको रकम	MIS मा देखिएको वितरण रकम	फरक रकम
प्रथम चौमासिक	२६८०३९१२	२६५९०७१२	२१३२००
दोश्रो चौमासिक	२७५०७१०५	१८९२५९४५	८५८११६०
तेश्रो चौमासिक	२८०६१७६७	१७१४०१६७	१०९२१६००
जम्मा	८२३७२७८४	६२६५६८२४	१९७१५९६०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९१			**वर्षान्तमा बैंक मौज्दात** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को बुँदा नं. १५(४) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस आर्थिक वर्षमा बैंक मार्फत लाभग्राहीको खातामा भत्ता रकम दाखिला हुनेगरी ३ वटै चौमासिकमा हुने रु.८४२५२६९४ निकासा दिएकोमा रु.८२३७२७८४ लाभग्राहीको खातामा रकम दाखिला गरेको देखियो । लाभग्राहीको खातामा दाखिला गरेको रकम घटाई संघीय संचितकोष फिर्ता गर्नुपर्ने रकम मध्ये बैंकले विभिन्न मितिमा भत्ता वितरण गरी बाँकी रहेको मौज्दात जनाई रु.१८७९८६५ कोलिनिकाको खातामा मिति २०७८।७।१५ मा दाखिला गरेको छ । प्रथम चौमासिकको वितरित रकमको आधारमा दोस्रो चौमासिकमा र दोस्रो चौमासिकको वितरित रकमको आधारमा तेस्रो चौमासिकमा रकम निकासा दिनु पर्नेमा वितरित रकम भन्दा बढी निकासा दिने र वर्षान्तमा वितरण नभई बाँकि रहेको रकम फिर्ता गर्ने गरेको पाइयो । लाभग्राहीको अद्यावधिक विवरण नरहेको अवस्थामा समेत बढी रकम निकासा दिने र वितरण नभएको रकम ढिला गरी दाखिला गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । आर्थिक वर्षको बाँकी रकम समयमै फिर्ता गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
९२			**सफ्टवेयर प्रणाली** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहारिएर आउने लगायत समस्या देखिएको हुन सक्छ । केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ।	
९३			**लाभग्राहीको विवरण प्रविष्टि गर्ने** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनुसार लाभग्राहीको विवरण प्रविष्टि गर्ने सम्वन्धमा, नाम दर्ता र नवीकरणवाट आगामी आर्थिक वर्षका लागि कायमहुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फाल्गुण मसान्तभित्र विभागले संचालनमा ल्याएको व्यवस्थापन सुचना प्रणली (एम.आइ.एस) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । यसरी प्रविष्टि गर्ने कार्य सामान्यतः सम्वन्धित वडा कार्यालयको हुनेछ । तर वडा कार्यालयमा साधन स्रोत तथा जनशक्तिको कमी भएमा स्थानीय तहले उपयुक्त र आवश्यक व्यवस्था गर्नेछ भन्ने व्यवस्था भएकोमा सो नगरि एम.आई.एस प्रणालीको विवरण र वडाको माग बमोजिम सिधै सामाजिक सुरक्षा भत्ता वितरण गरेकोले वितरित रकम सहि हो भनि एकिन गर्न सकिएन ।	
९४			**सार्वजनिक सुनुवाई** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९५			**निष्कृय खाता विवरण** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २४ बमोजिम बैकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहिको नाम, बैक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुची १३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यममा अनिवार्यरुपमा पठाउनुपर्ने व्यवस्था छ । अनूसूची ८ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा गरेको विवरण देखिने रिभर्स फिड सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैंकले निष्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर सो विवरण राखेको देखिएन ।	
९६			**भत्ता विवरण** बैंकलाई रकम निकासा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं १६ अनुसार स्थानीय तहले प्रथम चौमासिकको भत्ता रकम असोजको दोश्रो हप्ता भित्र, दोश्रो चौमासिकको भत्ता रकम माघको दोश्रो हप्ता भित्र र तेश्रो चौमासिकको भत्ता रकम जेठको दोश्रो हप्ता भित्र वितरण गरि सक्नुपर्नेमा गाउँपालिकाले प्रथम चौमासिकको भत्ता असोज २७ गते, दोश्रो चौमासिकको भत्ता २०७८ जेष्ठ १० गते र तेश्रो चौमासिकको भत्ता २०७८ असार १४ गते बैंकमा निकासा गरेको देखिन्छ । कार्यविधिमा व्यवस्था भएको समय सिमाभित्र कुनै पनि चौमासिकको रकम बैंकमा पठाएको देखिएन ।कार्यविधिले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।	
९७			**करार व्यवस्थापन** विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तिय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तिय संस्था छनौट गरी सम्झौता गर्नुपर्नेमा मेगा बैंक लिमिटेड सँग वडा नं २ र ५, सप्तकोशी डिभलप्मेन्ट बैंक संग वडा नं ३, ४ र ६ गरी एक भन्दा बढी वडाको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी हुनेगरी सम्झौता भएको देखियो । रणनीतिमा भएको व्यवस्थाको पालना गरी भत्ता वितरण हुनुपर्दछ ।	
९८			**अनुगमन तथा सुपरिवेक्षण** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्यक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९९</td><td></td><td></td><td>हाँसपोखरी मझुवा सारुपाखा इरौटर वहुवन सडक स्तरोन्नती
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्दछ । पालिकाले हाँसपोखरी मझुवा सारुपाखा इरौटर वहुवन सडक स्तरोन्नतीको कार्य झरिप्पा निर्माण सेवाले गरेकोमा लागत अनुमानको तुलनामा अस्वभाविक कम दररेट कोड गरेकोमा ठेक्का मूल्याँकनमा कारण सोधेको पाइएन । साथै अस्वभाविक कम दर रहेको कार्यहरु लागत अनुमानको परिमाण भन्दा कम काम गर्दा कार्यालयले सम्झौता अनुसार काम नगर्नुको कारण खुलाएको छैन । केही उदाहरण
<table>
<tr><th>कामको विवरण</th><th>लई परिमाण</th><th>MB को परिमाण</th><th>दर रु.</th></tr>
<tr><td>Gabion Box Supply</td><td></td><td></td><td></td></tr>
<tr><td>3*1*1</td><td>1232m^2</td><td>992 m^2</td><td>270</td></tr>
<tr><td>3*1.5*1</td><td>120 m^2</td><td>-</td><td>270</td></tr>
<tr><td>2*1*1</td><td>858 m^2</td><td>583 m^2</td><td>270</td></tr>
<tr><td>M20 RCC</td><td>48.12</td><td>31.68</td><td>250</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१००</td><td></td><td></td><td>रोङ सडकको टुङने एकराते बदामटार सडक कार्य
रोङ सडकको टुङने एकराते बदामटार सडक कार्यको लागत अनुमान रु.२१४४८१९०।३२ रहेकोमा काष्ठमण्डप कन्ट्रक्सनबाट रु. १०९११२५९ मा कार्य गर्ने गरी सम्झौता भएकोमा निम्नानुसार पाइयोः</td><td></td></tr>
<tr><td>१००.१</td><td></td><td></td><td>निर्माण व्यवसायीले ठेक्का अवधिभित्र रु.९६३२८१६।११ अर्थात सम्झौता रकमको १२७८४४३।०९ (११.७१%) कम कार्य गरेकोमा कार्यालयले कार्य स्वीकार प्रतिवेवदन तयार नगरेको, भेरिएसन स्वीकृत समेत नगरेकोले निर्माण व्यवसायीले ठेक्का छोडेको देखियो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ मा सार्वजनिक निकायले कुनै बोलपत्रदाता वा निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न परेमा त्यस सम्बन्धी विस्तृत विवरण र कारण खुलाई सम्बद्ध कागजात सहित सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाउनु पर्ने व्यवस्था भएकोमा कालोसूचीमा राख्न लेखि पठाएको छैन । जसले गर्दा नियमको पालना गरेको छैन । लागत अनुमानको तुलनामा ४९.१३ प्रतिशत घटिमा कार्य गरेको अवस्थामा कार्यालयलाई अनुपातिक नोक्सानी परेको रकम समेत असूल गर्नुपर्ने रु.</td><td>९,६३२,८१६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१००.२			चेनेजः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार अन्तिम विल भुक्तानी गर्दा कहाँबाट कहासम्म कार्य भएको हो सो नापी किताब तयार गर्नपर्ने र सोही अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । Gabion Work, Hume pipe Culvert को चेनेज नखुलाएकोले विगतको कामसंग दोहोरो पर्न सक्ने र ड्रइङ्ग समावेश नभएकोले परिमाण एकीन गर्न सकिएन ।	
१००.३			ड्रेन निर्माण कार्यको चेनेज नखुलाएकोले दोहोरो पर्न सक्ने देखियो सथै कामको परिमाण समेत एकीन गर्न सकिएन ।	
१००.४			नाली निर्माण कार्यको चेनेज नखुलाएको, ड्रइङ्ग पशे नगरेको साथै RCC कल्भर्टको ड्रइङ्ग पेश नगरेको, डण्डीको Bar schedule पेश नगरेको, ग्राभेल कार्यको विस्तृत नापी गरेको छैन । साथै ग्याविनको माटो खन्ने कार्यको पनि एकमुष्ट राखेको छ । Back Filling को परिमाण एकमुष्ट राखेकोले परिमाण एकीन गर्न सकिएन ।	
१००.५			वीमाको रु. ६०९३८।१४ र Lab Test को रु.२४३७।४० को विल समावेश नभएकोले पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.	६३,३७५.५४
१००.६			लागत अनुमानमा २००० रनिङ्ग मिटरको Earthen Drain कार्य रहेकोमा चेनेज समेत नखुलाई एकमुष्ट ३२०० रनिङ्ग मिटरमा कार्य भएको देखाएकोले प्राविधिक पुष्टाँई पेश गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०१</td><td></td><td></td><td>

आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ। आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण (रोड ४) को कार्य फाल्गुन्द निर्माण सेवाले गरेकोमा प्राविधिक कर्मचारी सहित गई स्थलगत निरीक्षण गर्दा निम्नानुसारको कार्य नभएको पाइएकोले सम्बन्धित निर्माण व्यवसायीलाई जिम्मेवार बनाई असूल गर्नुपर्ने रु.

<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>Wall Putty Work</td><td>255.14m^2</td><td>300</td><td>76540.8</td><td>काम नभएको</td></tr>
<tr><td>Prosocline Glazed tiles in toilet</td><td>3 m^2</td><td>2000</td><td>6000</td><td>Prosocline Glazed tiles in toilet 8.25m^2 गर्ने भनेकोमा 5.25m^2 मात्रै गरेकोले 3m^2 कम काम गरेको</td></tr>
<tr><td>2000 ltr polyethene Water Tank</td><td>1</td><td>30000</td><td>30000</td><td>2000 ltr polyethene Water Tank भनेकोमा 1000 lts Water Tank मात्रै राखेको</td></tr>
<tr><td>Euro Guard (Filter)</td><td>1</td><td>20000</td><td>20000</td><td>कार्य नगरेको</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>132541</td><td></td></tr>
</table>

</td><td>१३२,५४०</td></tr>
<tr><td>१०२</td><td></td><td></td><td>

झटारे पक्की पुल २

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने र नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण गरेको झटारे पक्की पुल २ को लागत अनुमान रु.२५२१९७४।७१ रहेकोमा माई भगवती कन्ट्रक्सनले रु.२०४०७८०।१५ मा कार्य गर्ने गरी सम्झौता गरेकोमा निम्नानुसार पाइयोः

</td><td></td></tr>
<tr><td>१०२.१</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५३ र नियमावलिको नियम १० बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको लागत अनुमान तयार गर्दा ड्रईङ्ग डिजाइन अनुसार तयार गर्नुपर्नेमा ड्रइङ्ग भन्दा फरक कार्यको तयार गरेको छ। RCC M35 (1:0.5:1) को लागत अनुमान तयार गर्दा माटो कटानीको दर रु.६०० राख्नु पर्नेमा ८९० राखेकोले रु.३५७३४।६३ को लागत अनुमान बढी बनाएको अनियमित देखिएको रु.</td><td>५,७३४.६३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०२.२</td><td></td><td></td><td>लागत अनुमान तयार गर्दा Deck को Slab 0.90m उचाई रहेकोमा कार्य गराउँदा 0.75m मात्र गरेको छ । RCC को परिमाण घटेको अनुसार डण्डीको परिमाण घटाउनु पर्नेमा अस्वभाविक रुपमा बढाएको पाइएको छ । डण्डीको परिमाण बढ्नुको प्राविधिक कारण विश्लेषण गरेको छैन । अत विस्तृत रुपमा परीक्षण गरी डण्डीको परिमाण एकीन गर्नुपर्ने अन्यथा १८१० केजीको रु.९५ का दरले हुने बढी देखिएको परिमाण असूल गर्नुपर्ने रु.</td><td>१७१,९५०</td></tr>
<tr><td>१०२.३</td><td></td><td></td><td>पुल निर्माण गर्ने दक्ष प्राविधिक नभएको अवस्थामा RCC Deck को कार्य गरेकोले Load Bearing र आयतनको विश्लेषण नगरी निर्माण गरेकोले जोखिममा रहेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१०३</td><td></td><td></td><td>बैकं जमानत नभएको
बैकं जमानत बेगर पेश्की रकम भुक्तानि गरेको रु</td><td>५००,०००</td></tr>
<tr><td>१०४</td><td></td><td></td><td>सोझै खरिद
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष चालु किसिमका विभिन्न वस्तु वा सेवाको खरिद गर्दा सिलबन्दी दरभाउपत्र मार्फत नगरी निम्नानुसार सोझै गरेकोले नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ॰नं॰ र मिति</th><th>खरिद विवरण</th><th>फर्मको नाम</th><th>रकम (मु.अ कर समेत)</th></tr>
<tr><td>३५५-२०७७/१२/३०</td><td>परामर्श सेवा खरिद</td><td>स्थानीय विकास सहकार्य केन्द्र</td><td>६७२६००</td></tr>
<tr><td>२८३-२०७८/३/२०</td><td>विद्युतीकरणको सामान खरिद</td><td>अन्नपूर्ण केवल</td><td>४१५९०६</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१०८८५०६</td></tr>
</table></td><td>१,०८८,५०६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०५			**७५ प्रतिशत अनुदानमा कृषि कार्यक्रम** पालकाले वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशु कार्यक्रम संचालन गरेको छ । जसमा पालिकाका कृष तथा कृषि सहकारी संस्थाहरुलाई ७५ प्रतिशत अनुदानमा कृषि सामान, औजार, वीउ विजन, किट, गोठ सुधार लगायतका कार्यक्रम संचालन गरी खर्च लेखेको छ । कार्यालयले यी कार्यक्रम संचालन गर्दा वस्तु तथा सामान खरिद गरी कृषकलाई वितरण गरेको र ७५ प्रतिशत बराबरको खर्च जनाएको र कृषकले व्यहोर्नु पर्ने २५ प्रतिशत हिस्साको रकम कार्यालयले बुझिलिई वितरण गरेको उल्लेख छ । जसले गर्दा कार्यक्रममा कृषकको सहभागिता बराबरको खर्च कार्यक्रममा समावेश भएको देखिदैन । अत आगामी दिनमा यस्ता कार्यक्रम संचालन गर्दा कार्यालय र कृषकको खर्च समावेश गरी कार्यक्रम संचालन गर्नु पर्दछ । केही उदाहरण	

कार्यक्रकमो नाम	वस्तु/सामानको नाम	जम्मा मुल्य	७५ अनुदानको रकम	२५ प्रतिशत कृषको सहभागिता
वडास्तरीय सामान वितरण	ग्रिन नेट, मल्चिङ्ग	३९७२५०	३०००००	९७२५०
कृषि सहकारीलाई औजार वितरण	मिनिटिलर	८४००००	६३००००	२१००००
	च्यापकटर	११४२८५६	८५७१४२	२८५७१४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०६			**डिपिआर** सार्वजनिक खरिद नियमावली, 2064 को नियम 12 मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नु पर्ने व्यवस्था छ। बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गर्नु उपयुक्त देखिएन। डीपीआर तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ।	

कार्य विवरण	परामर्शदाताको नाम	खर्च
लेप्चा जातिको बहुउद्धेश्यीय कभर्ड म्यूजियम हल	एलिभेसन इन्जिनियरिङ्ग कन्सल्टेन्सी	१७०५०००
काकरभिट्टा निन्दा सन्दकपुर समालबुङ्ग सडकको	कुन्ती इन्जिनियरिङ्ग कन्सल्ट्याट	४९४११६
वरफल्याङ्ग सिंचाइ आयोजना	पूर्वाञ्चल इन्जितियरिङ्ग कन्सल्टेन्सी	३९८८९०
कुटि डाँडा रिङ्ग रोड हर्कटे महान्द सापकोटा सालिक सडक	इस्यू इन्जिनियरिङ्ग कन्सल्ट्यान्ट	४९१७७६
सम्बा भञ्याङ्ग चौतारे एकराते बदमटार धनसार सडक	स्थानीय विकास सहकार्य केन्द्र	६७२६००
जम्मा		३७६२३८२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०७			**प्रमाण पेश गर्नुपर्ने** आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा कार्यालयले सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई संलग्न गरी अधिकार प्राप्त अधिकारीद्धारा स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ ।पालिकाले रेडियो कार्यक्रम रोङको सेरोफेरो उत्पादन तथा प्रशारण गर्न आँगन एफ.एम. संग २०७७।६।२८ सम्झौता भएको छ । जसमा एफ.एम. ले कृषि, पशु, पूर्वाधार निर्माण, पर्यटन, सांस्कृतिक, शिक्षा लगायका गतिविधि प्रशारण गरे वापत रु.४९६२९६ भुक्तानी भएको छ।कार्यालयले एफ एमलाई भुक्तानी दिंदा कार्यक्रम प्रशारण सम्बन्धी ब्रोकाष्टिङ्ग सष्टिफिकेट पेश हुनु पर्नेमा नभएकोले सो कागजात पेश गर्नुपर्ने रु.	४९६,२९६
१०८			**जिन्जी दाखिला नापी प्रमाणित नभएको**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०८.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । साथै दफा १२५ अनुसार प्राविधिक कार्यसम्पादन मुल्याकंनका आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस्तो भुक्तानी दिँदा यदि सामान भए कुन कुन योजनामा जडान गरिएको हो सो खुलाई जडान प्रमाणित गरी कार्यसम्पन्न तथा वडाको सिफारिसको आधारमा भुक्तानी दिनुपर्ने हुन्छ । नमूना छनौट गरी हेर्दा कार्यालयले खरीद गरेका विजुलीको पोल, ह्युमपाइप, तारजालीहरु सम्बन्धित प्राविधिकको नापजाँच सहितको नापिकिताव नभरी विभिन्न कार्यक्रममा खर्च भएको भनि उक्त परिमाणहरु कार्यालयको जिन्सी किताबमा खर्च देखाएको पाइयो । यस्ले गर्दा खरीद भएका सामाग्रीहरु सम्बन्धित कार्यक्रममा नै खर्च गरेको भन्ने कुरामा विश्वस्त हुन सकिएन । निम्न सामाग्रीहरु तोकिएको कार्यक्रममा प्रयोग गरीएको प्राविधिक नापजाँच सहितको नापी किताब कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु.
<table>
<tr><th>विवरण</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>विजुलीको पोल</td><td>३०७ वटा</td><td>८४७३२</td></tr>
<tr><td>ह्युम पाइप साइज नखुलेको</td><td>१५ वटा</td><td>२१०७५०</td></tr>
<tr><td>ह्युम पाइप साइज नखुलेको</td><td>३ वटा</td><td>४२१५०</td></tr>
<tr><td>तार जाली साइज ३×१×१</td><td>४० वटा</td><td>१६००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>४९७६३२</td></tr>
</table></td><td>४९७,६३२</td></tr>
<tr><td>१०८.२</td><td>१५५</td><td>२०७८-१-८</td><td>राजलवट सप्लायर्सबाट ३×१×१ को १४९ थान र २×१×१ को २२१ थान तारजाली खरीद वापत रु १४४७२९२ खर्च गरी भुक्तानी दिएको देखिएकोमा सो तारजाली जिन्सी दाखिला, नापी किताब जडान प्रमाणित गरेको देखिएन । जिन्सी दाखिला नापी किताब जडान प्रमाणित पेश गर्नुपर्ने रु</td><td>१,४४७,२९२</td></tr>
<tr><td>१०८.३</td><td>६१</td><td>२०७७-१०-११</td><td>३×१×१ साइजको ८०० स्क्वायर मिटर र २×१×१ साइजको ८०३ स्क्वायर मिटर ग्याविन जाली मित्तल ट्रेड कन्सन्सबाट रु४७८७८१ मा खरीद गरिएकोमा जिन्सी दाखिला गरेको पाइएन । जिन्सी दाखिला प्रमाण पेश हुनुपर्ने रु</td><td>४७८,७८१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०८.४</td><td></td><td></td><td>निम्नानुसारको योजनाहरुमा सामाग्री खरिद गरेकोमा कार्यालयका जिन्सी दाखिला नगरेको र कार्यालयको जिन्सीबाट खर्च लेखेको नापी किताब नरहेकोले निर्मण सामाग्रीको प्राप्ती, उपयोगलाई व्यवस्थित गर्नु पर्ने रु.
<table>
<tr><th>योजनाको नाम</th><th>सामानको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>वरफल्याङ्ग सिंचाई</td><td>HDPE Pipe</td><td>२३७८८८६.७४</td><td>जिन्सी दाखिला नगरेको</td></tr>
<tr><td>टझा खोला माल्वासे लाप्चा गाउँ खा.पा. योजना</td><td>HDPE Pipe</td><td>२६०९०६१.५२</td><td>जिन्सी दाखिला नगरेको</td></tr>
<tr><td>विद्युतीकरण कार्यक्रम</td><td>विद्युत पोल</td><td>८७३९८२०.५२</td><td>जिन्सी मौज्दात नै देखाएको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१३७२७७६८.७८</td><td></td></tr>
</table>
</td><td>१३,७२७,७६८.७८</td></tr>
<tr><td>१०८.५</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यालयले सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई संलग्न गरी अधिकार प्राप्त अधिकारीद्धारा स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ । पालिकाले देहायको निर्माण सामाग्री खरिद गरी जिन्सी किताबमा आम्दानी बाँधेको छ तर खर्च गरेको नापी किताब संलग्न गरेको छैन । जसले गर्दा ती सामाग्री कहाँ प्रयोग भयो र कति भण्डारमा छ एकीन हुन सकेन । पालिकाले निर्माण सामाग्री प्रयोग भएको हकमा खर्च जनाएको नापी किताब र बाँकीको भण्डारमा बाँकी रहेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर र मिति</th><th>कार्यक्रमको नाम</th><th>सामानको नाम</th><th>रकम</th></tr>
<tr><td>१-२०७८/२/५</td><td>स्थानीय पूर्वाधार साझेदारी</td><td>ग्याविन जाली</td><td>४८३०३७</td></tr>
<tr><td>८-२०७८/३/१३</td><td>स्थानीय पूर्वाधार साझेदारी</td><td>ग्याविन जाली</td><td>४८५०००</td></tr>
<tr><td>३६५-२०७८/३/२५</td><td>गा.पा. पूँजिगतबाट खरिद</td><td>ग्याविन जाली</td><td>१९९२१९</td></tr>
<tr><td>३७०-२०७८/३/२६</td><td>वडा नं २ बाट खरिद</td><td>ह्युम पाईप</td><td>४१७२००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१५८४४५६</td></tr>
</table>
</td><td>१,५८४,४५६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०९			**जिन्सी अभिलेख** गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा १४ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिन भित्र तोकिएको स्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी सफ्टवेयरको प्रयोग गरी प्राप्त मालसामानहरु दाखिला गर्ने व्यवस्था मिलाएकोमा वडा कार्यालय तथा विषयगत कार्यालयहरुमा आम्दानी जनाएको मालसामानहरु सफ्टवेयरमा प्रविष्टि गरेको छैन । कार्यालयबाट भुक्तानी भएका केही मालसामान कार्यालयले सञ्चालनमा ल्याएको जिन्सी व्यवस्थापन प्रणालीमा प्रविष्टी नगरी म्यानुअल जिन्सी दाखिला प्रतिवेदन पेश गरेको छ । कम्प्यूटरकृत जिन्सी व्यवस्थापन प्रणालीमा दाखिला नभएकोले उक्त सामानहरु कार्यालयको एकिकृत अभिलेखमा समावेश नहुने हुँदा कम्प्यूटरकृत प्रणालीमा प्रविष्टी भएको प्रमाण पेश हुन पर्दछ ।	
११०			**जिन्सी निरीक्षण प्रतिवेदन** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक जिन्सी निरीक्षण गरी वा अन्य कर्मचारी वा प्राविधिक द्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी निरीक्षण फारम लेखापरीक्षणको क्रममा पेश गरेपनी नियमावलीमा व्यवस्था भए बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेहो छैन । जिन्सी निरीक्षण प्रतिवेदन तयार नगर्दा जिन्सी मालसामानको अवस्था यकिन नहुने हुनाले नियमावलीमा व्यवस्था भए बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गर्ने व्यवस्था गर्न पर्दछ ।	
१११			**नयाँ म.ले.प.फारामहरुको प्रयोग** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) ले स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २३ मा कारोबारको लेखा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ । महालेखापरीक्षकबाट मिति २०७६/२/१९ मा नयाँ ढाँचाका सरकारी लेखा फारामहरु (म.ले.प. फाराम) स्वीकृत भएका छन् । कार्यालयले पुराना ढाँचाका फारामहरुको प्रयोग गर्दै आएकोमा नयाँ ढाँचाका लेखा फारामहरु प्रचलनमा ल्याउनुपर्दछ ।	
११२			**डोर हाजिरी फाराम नियन्त्रण खाता** कायांलयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.नं.511 राख्ने गरेको छैन भनें डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गदां आयोजनामा के कति डोर हाजिरी फारामहरु को,कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा नम्बरवाइज जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याकन गर्ने व्यबस्था हुनु आवश्यक देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११३			**प्रस्तावको प्रमाणीकरण र अभिलेख** नेपालको संविधानको धारा २१४ को उपधारा ५ मा गाउँपालिकाको नाममा हुने निर्णय वा आदेश र तत् सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण स्थानीय कानून बमोजिम हुने उल्लेख छ । उक्त उपधारा बमोजिम रोङ गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७४ जारी गरी लागु गरेको छ । नियमावलीको नियम ५(१) मा कार्यपालिकाको बैठकमा पेश हुने प्रस्ताव र बैठकको निर्णय प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गर्ने र नियम ५(२) मा प्रमाणीकरण भएका निर्णय तथा प्रस्ताव सूचना तथा अभिलेख केन्द्रले सुरक्षित तवरले संग्रह गरी राख्नुपर्ने व्यवस्था छ । अभिलेख संरक्षण ऐन, २०४६ को दफा ८.१ मा कार्यालयले आफ्नो कार्यालयमा भएका कागजात व्यवस्थित गरी सुरक्षित रुपमा राख्नु पर्ने व्यवस्था छ। कार्यपालिकामा पेश भएका प्रस्ताव, निर्णय र सो सम्बन्धी प्रमाण कागजात सहितको अभिलेख राख्ने व्यवस्था गरेको देखिएन ।	
११४			**विद्यूतीय प्रणाली सञ्चालन** कार्यालयले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरु विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी सफ्टवेयरहरु सञ्चालनमा ल्याएको छ । ती सफ्टवेयरहरुको प्रयोगकर्ताहरुको विवरण, पासवर्ड परिवर्तन, स्थगत तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन पर्नेमा त्यस्तो अभिलेख राख्ने गरेको छैन । कुन कुन सफ्टवेयर क-कसले सञ्चालन गर्ने गरेका छन् , आधिकारिक रुपमा क-कसलाई सञ्चालनको अनुमति दिइएको छ, डाटा व्याकअपको अवस्था के कस्तो छ भन्ने विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तको जिम्मेवारी को सँग हुने भन्ने किटान नहुने एवं व्याकप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएबाट तथ्यांकहराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ । अत: विद्यूतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।	
११५			**वातावरणीय प्रभाव** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । सोही अनुसार कार्यविधि निर्माणतर्फ ठोस पहल भएको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११६			**कार्य सम्पादनको स्वमूल्यांकन** नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको कार्यप्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिष्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी वनाउन स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ तर्जुमा गरी लागु गरेको छ । उक्त कार्यविधिको दफा ६ मा अघिल्लो आर्थिक वर्षको तथ्यांकलाई आधार मानी सूचकको अंक गणना गरी चालु आर्थिक वर्षको पौष मसान्त भित्र दफा ४ बमोजिमको स्वमूल्यांकन कार्य गरिसक्नु पर्ने र माघको पहिलो हप्ता भित्र स्वमूल्यांकनको नतिजा सार्वजनिक गरिसक्नु पर्ने व्यवस्था छ। कार्यालयले अघिल्लो आर्थिक वर्षमा सम्पादनगरेका कार्यको स्वमूल्यांकन गरेको छैन । कार्य सम्पादनको मूल्यांकनबाट शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विवद व्यवस्थापन एवं सहकार्य र समन्वय जस्ता क्षेत्रमा स्थानीय सरकारको कार्य सम्पादनस्तरको मापन गर्न सहज हुने भएकोले कार्यविधिमा व्यवस्था भए बमोजिम स्वमूल्यांकन कार्य गर्नेतर्फ ध्यान जानु आवश्यक छ ।	
११७			**प्रस्तावको ढाँचा कार्यान्वयन** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७(५) मा कार्यपालिकाको बैठक तथा निर्णय सम्बन्धि व्यवस्था संविधानको धारा २१८ बमोजिमको नियमावली अनुसार हुने उल्लेख छ । संविधानको धारा २१८ बमोजिम रोङ गाउँपालिकाले कार्य सम्पादन नियमावली २०७४ जारी गरेको छ । उक्त नियमावलीको नियम ७ (३) मा कार्यपालिकाको वैठकमा पेश गर्ने प्रस्ताव सम्बन्धी खाका अनुसूची- २ बमोजिम हुने उल्लेख छ । उक्त अनुसूची बमोजिम त्यस्तो प्रस्तावमा प्रस्तावको विषयको संक्षिप्त व्यहोरा, प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा, प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको राय एवं निर्णय हुनु पर्ने व्यहोरा खुलाउन पर्ने व्यवस्था छ । उक्त व्यवस्था बमोजिमको कार्यपालिका बैठकबाट भएका निर्णयसँग सम्बन्धित प्रस्ताव एवं प्रस्तावसँग सम्बन्धित कागजात सहितको फायल खडा गरी नराखेबाट निर्णयसँग सम्बन्धित विषयवस्तु, कार्यान्वयन प्रकृया, समयावधि, कार्यक्षेत्र, कार्यन्वयन गर्ने निकाय, लाग्ने दायित्व, विषयसंग सम्बन्धित कानूनी व्यवस्था एवं परामर्श जस्ता विषयको बारेमा कार्यान्वयन गर्ने निकाय अनभिज्ञ भइ निर्णय कार्यान्वयनमा कठिनाइ हुने देखिन्छ । अत: कानूनमा व्यवस्था भए बमोजिम कार्यपालिका बैठकमा निर्णयार्थ प्रस्ताव पेश गर्नु अघी तोकिएको ढाँचामा प्रस्ताव तयार गरी प्रस्तावसँग सम्बन्धित कागजात संलग्न राखी पेश गर्ने र निर्णय पश्चात अभिलेख राख्ने गर्नुपर्दछ ।	
११८			**भवन निर्माणको सुपरीवेक्षण** भवन ऐन, २०५५ को दफा १३ को उपदफा (१) मा कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन संहितामा तोकिएको स्तर अनुरुप भवन निर्माण गरे नगरेको सम्बन्धमा गाउँपालिका क्षेत्र भित्रका हकमा गाउँपालिकाले सुपरीवेक्षण गर्न सक्ने र उपदफा (२) मा त्यसरी सुपरीवेक्षण गर्दा गाउँपालिकाले कुनै भवन निर्माण भवन संहितामा तोकिएको स्तर अनुरुप नभएको पाएमा भवन निर्माण गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायलाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशन पालना गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायको कर्तव्य हुने उल्लेख छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माणाधिन भवनको निर्माणको सुपरीवेक्षण गर्ने गरेको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११९			**मर्मत संभार कार्य** रोङ गाउँपालिकाको मर्मत संभार कोष सञ्चालन कार्यविधि, २०७४ को दफा ८(१) मा गाउँपालिका भित्र रहेका भौतिक पूर्वाधारहरुको नियमित मर्मत संभार स्थानिय उपभोक्ताहरुबाट अधिकतम रुपमा स्थानिय स्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागित जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिन्छ उल्लेख भएकोमा हेभि उपकरणहरु प्रयोग गरी मर्मत गर्ने गरेको पाइयो । कार्यविधिको व्यवस्था बमोजिम गर्न गाउँपालिको ध्यान जानुपर्दछ ।	
१२०			**आर्थिक कार्यविधि नियमावलीको निर्माण** गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४ को दफा ८ मा गाउँपालिकाको कार्य तथा आयोजना सञ्चालन गर्ने, धरौटी, दस्तुर, सेवा शुल्क लिने, पेश्की दिने तथा फछ्र्योट गर्ने, नगदी तथा जिन्सी सम्पत्तिको संरक्षण गर्ने, लिलाम विक्रि गर्ने, मिनाहा दिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने, दफा ३ मा सञ्चित कोषको लेखा अद्यावधिक राख्ने, वित्तीय विवरण तयार गर्ने र पेश गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने, दफा १५(४) मा राजश्व, नगदी, जिन्सी, तथा धरौटी दाखिला गर्ने तथा त्यसको लेखा अभिलेख अद्यावधिक रुपमा राख्ने कार्यविधि तोकिए बमोजिम हुने , दफा २०(५) मा वेरुजु फछ्र्यौट सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने, दफा २१ (५) मा बरबुझारथ सम्बन्धी प्रकृया तोकिए बमोजिम हुने, दफा २२ मा सार्वजनिक सम्पत्तिको जिम्मा, त्यसको लगत, संरक्षण, बरबुझारथ र जवाफदेही सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने, दफा २३ मा लिलाम विक्रि तथा मिन्हा दिने सम्बन्धी कार्य गर्दा कार्यपालिकबाट तोकिए बमोजिमको कार्यविधि अपनाउनुपर्ने उल्लेख छ । दफा ३१ मा यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियमहरु, निर्देशिकाहरु, कार्यविधि वा मार्गदर्शन बनाउन सक्नेछ भन्ने व्यवस्था छ । उल्लेखित विषयमा व्यवस्थित रुपमा कार्य सम्पादन गर्न आवश्यक पर्ने कानून तर्जुमा गर्नेतर्फ गाउँपालिकाले ध्यान दिन जरुरी छ ।	
१२१			**मौजुदा सूची तयारी** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क मा सोही ऐनको दफा ३० (६), ४१ (१) (क) र ४६ बमोजिम खरिद गर्न तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा सार्वजनिक निकायले सोझै खरिद गर्ने प्रयोजनका लागि योग्यताको आधारमा सूची तयार गर्ने र यस्तो सूचीलाई अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सो अनुसार खरिद गर्दा मौजुदा सूचीमा दर्ता भएको प्रमाणपत्र (अनुसूची २ख) समेत पेश गरी खरिद नगरेको एवं कार्यालयले मौजुदा सूचीको अभिलेख दर्ता पुस्तिका (अनुसूची २ग) अद्यावधिक नगरेकोले सो सूचीमा समावेश भएका व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकबाट प्रस्ताव माग गरि खरिद गरेको यकिन गर्ने आधार भएन ।	
१२२			**खरिद इकाइ र खरिद योजनाः** सार्वजनिक खरिद ऐन २०६३, को दफा ६ र नियमावली २०६४ को नियम (७),(८) र १६ अनुसार गठन गरी रु.१० लाख भन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रु.१० करोड भन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गुरु योजना (Master Procurement Plan) स्वीकृत गराउनु पर्ने र खरिदको गुरु योजना प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद इकाइ गठन गरेतापनि वार्षिक खरिद योजना र खरिदको गुरुयोजना बनाउने तथा कार्यक्रम संशोधन सँगै वार्षिक रुपमा अद्यावधिक गर्ने कार्य गरेको देखिएन ।यस सम्बन्धमा गत वर्ष पनि औंल्याइएकोमा सुधार गरेको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२३			**उपभोक्ता समिति दर्ता** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । कार्यालयले यसवर्ष सम्झौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनाको बजेटको आधारमा अस्थायी समिति गठन हुने र काम सम्पन्न पश्चात मिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । कानूनी रुपमा दर्ता नभएका देहायका पटकै उपभोक्ता समितिलाई पेश्की दिनु औचित्यपूर्ण देखिएन ।	
१२४			**बालमैत्री स्थानीय शासन अवलम्बन** बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १६ को उपदफा (१) मा बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक कामकारबाही गर्दा बालबालिकाको सर्वोत्तम हीतलाई प्राथिमकता दिइ वालमैत्री प्रकृया अपनाउनु पर्ने र उपदफा (४) मा बालबालिका रहने बालबालिकालाइ सेवा प्रदान गर्ने सार्वजनिक र नीजि समाजिक संस्थाले भौतिक संरचना निर्माण गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउन पर्ने व्यवस्था छ। त्यस्तै दफा ६० को उपदफा (२) मा प्रत्येक स्थानीय तहका गाउँकार्यपालिका वा नगरकार्यपालिकाको उपाध्यक्षले तोकेको त्यस्तो गाउँकार्यपालिका वा नगरकार्यपालिकको सदस्यको अध्यक्षतामा बाल अधिकार समिति रहने व्यवस्था छ । उपदफा (३) मा उपदफा (२) बमोजिमको स्थानीय बाल अधिकार समितिमा रहने संख्या र त्यस्तो समितिको काम कर्तव्य र अधिकार तथा वैठक सम्बन्धी कार्यविधि स्थानीय तहले निर्धारण गरे बमोजिम हुने व्यवस्था छ। यस गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम बाल अधिकार समिति गठन गरेको छैन । बालवालिकाको हीत सम्बन्धमा आवश्यक काम कारबाही गर्न उक्त समिति गठन गरी क्रियाशील बनाउन आवश्यक छ।	
१२५			**कार्यक्रम अभिलेख खाता** सार्वजिनिक गोष्ठी, सार्वजनिक रुपमा दिइने आय आर्जन, सीप विकास, सशक्तिकरण, चेतना जागरण जस्ता तालिम सञ्चालन, चेतनामूलक सूचना/विज्ञापन/रेडीयो कार्यक्रम जस्ता कार्यमा खर्च शिर्षक नं २२५०० कार्यक्रम सम्बन्धी खर्च शीर्षकवाट यस वर्ष गाउँपालिका चालु तर्फ रु. ६७,६१,६९१, शिक्षा तर्फ रु.८,३४,१४७, स्वास्थ्य तर्फ रु. १,७४,९१५ र कृषि तर्फ रु. ४५,१०,८८२ गरी कुल रु.१२२८१६३५ (सशर्त अनुदानबाहेक) खर्च भएको देखिन्छ । यस्ता कृयाकलापमा खर्च गर्दा भएको खर्च र उपलव्धी देखिने गरी कार्यक्रम अभिलेख खाता राख्ने गरेको छैन । कार्यक्रम अभिलेख खाता नराखेको कारण खर्च रकमबाट प्राप्त उपलव्धी मापन गर्न सकिने आधार भएन । त्यसैले यस्ता कार्यक्रम सञ्चालन गरी खर्च गर्दा खर्च र उपलव्धी स्पष्ट देखिनेगरी अभिलेख राख्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२६			**विजकको ढाँचा** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अथवा स्वीकृत गरेदेखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । निम्न बमोजिमको फर्मलाई निम्न बमोजिमको कामको भुक्तानी गर्दा कैफियत रहेको विजकको भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर रु. सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको र कारोवार अंक समेत खुल्ने गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।रु.	१५३,१४२.२५

भौ.नं./मिति	भ्याट नं	फर्मको नाम	मू.अ.कर	विजक नम्बर	कैफियत
०२।०१।७८	६०९६६२२६१	अन्सुबी कन्स्ट्रक्सन प्रालि	१५३१४२.२५	१	विजक नम्बर हस्तलिखित

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२७			**आन्तरिक लेखापरीक्षण** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ मा कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औलाइएको कैफियत अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी वेरुजु फछ्यौंट गर्नुपर्ने व्यवस्था भएको निम्न वेरुजुहरु फछ्यौंट गरेको देखिएन ।	
१२७.१			आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका २०७३ बमोजिम प्रमाणीत पुष्टयाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेकोमा निम्नानुसारमा भुक्तानीमा प्रमाण संलग्न रहेको पाइएन रु.	६५९,७३७

गो भौ नं	मिति	बेरुजुको विवरण	रकम
९	०५/२६/२०७७	भ्याकु लोडर संचालनका लागी इन्धन खरिद बापत जनकल्याण शिव स्टोर्स बुद्धशान्ति झापालाइ भुक्तानी दिएकोको सवारी लगबुक संलग्न रहेको पाइएन	२४९३१०
११	०५/२८/२०७७	कोभिड रोकथामका लागी एम्बुलेन्स मर्मत गरी इन्धन खर्च बापत ह स चा गगन धिमिरेको नाममा भुक्तानी भएको रु ३७६००।०० को सवारी लगबुक मर्मत आदेश लगायतका आवश्यक कागजात संलग्न रहेको नपाइएको	३७६००
१८६	१०/०४/२०७७	पशु सेवा शाखामा कार्यरत अधिकृत छैठौका मिङमा रिञ्जी शेर्पा र सहायक पाँचौ श्री बद्री गोपाल आचार्यलाइ क्रमश रु १५०००।०० र १२०००।०० का दरले मासिक फिल्ड भत्ता उपलब्ध गराएकोमा सोको आवश्यक पुष्ट्याई कागजात पेश नभएको साथै गो भौ नं ५९३ मिति २०७८।०३।२१ बाट मिङमा रिञ्जी शेर्पालाइ नै छुट भएको फिल्ड भत्ता उल्लेख गरी रु १२०००।०० भुक्तानी दिएकोमा सोको भर्पाइ तथा छुट भएको मिति समेत उल्लेख भएको पाइएन	३७०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			५९५	२०७८।०३।२१	का स युद्ध नारायण प्रधानलाइ इन्धन बापत भुक्तानी भएको रकम रु ९८३०।०० को वील तथा सवारी लगबुक पेश नभएकोले पेश गर्नुपर्ने अन्यथा असुल गरी सम्बन्धित कोषमा दाखिला गर्नुपर्ने	९८३०	
			५६	०३/२३/२०७८	ना प स्वा प्रा गोपाल कुमार राइको नाममा ल्यापटप ब्याग खरिद बापत प्रतिगोटा रु ५००० का दरले ५ थानको रु २५००० भुक्तानी भएकोमा सोको दाखिला प्रतिबेदन पेश नभएको	२५०००	
			६३	२०७८।०३।२५	ना प्र स सन्तोष लाप्चाले एक हजार थान टिमुरको विरुवा रु ३० का दरले खरिद गरेकोमा सो को वितरण भर्पाइ पेश नभएको	३००००	
			१०	२०७७।०६।१८	रोजगार सेवा केन्द्र सुदृढीकरणको लागी ओम इन्फोसिसबाट डेल ल्यापटप थान १ र इफ्सनको प्रिन्टर थान १ खरिद गरी रु ९९९००।०० भुक्तानी भएकोमा सोको दाखिला गरेको प्रमाण पेश नभएको	९९९००	
			१२	२०७७।०६।१८	सि अ हे ब नरेन्द्र देवले सरसफाइ खर्च बापतको रकम स्वीपर मञ्जुदेवी मरिकको नामबाट २०७७।०४।०१ देखि २०७७।०४।३२ सम्मको ३२ दिन तथा २०७७।०५।०१ देखि २०७७।०५।३१ सम्मको ३१ दिन गरी जम्मा ६३ दिनको ५२० को दरले रु ३२७६०।०० मध्ये सा सु कर रु ३२८ कट्टा गरी बाँकी रकम रु ३२४३२।०० भुक्तानी लिएकोमा सो रकम सम्बन्धित व्यक्तिलाइ बुझाएको भर्पाइ संलग्न नरहेकोले पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने	३२४३२	
			४	२०७७।०५।२६	रोङ गापा ३ मा संचालनमा रहेको क्वारेन्टाइनमा मिति २०७७ श्रावण र भाद्र महिनामा बसेका मानिसहरुकोलागी विभिन्न सामाग्री खरिद गरीएकोमा क्वारेन्टाइनमा बसेका मानिसहरुको विवरण पेश नगरी वीलको आधारमा मात्र रु १३८६६५।०० रकम भुक्तानी गरेको पाइयो	१३८६६५	
			जम्मा			६५९७३७	
१२७.२			आयकर ऐन २०५८ दंफा ८ रोजगारीबाट भएको आय गणना तथा सालबसालीआर्थिक ऐन बमोजिम कर निर्धारण दर र प्रकृया उल्लेख भएकोमा सि अहेब श्री नरेन्द्र कुमार देवको आयकर ऐन २०५८ बमोजीम बार्षिक आय गणना गरी नियमानुसार पाउने छुट गरी बांकी आय ८५४८२।०० को १० प्रतिशतले हुने पारिश्रमिक कर रकम रु ८५४९ र सि अहेब श्री नेत्र प्रसाद पोखरेलको आयकर ऐन २०५८ बमोजीम बार्षिक आय गणना गरी नियमानुसार पाउने छुट गरी बांकी आय १२१४८२।०० को १० प्रतिशतले हुने पारिश्रमिक कर रकम रु १२१४९।०० गरी जम्मा रकम रु २०६९८।०० सम्बन्धित कर्मचारीहरुबाट असुल गरी सम्बन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने रु.				२०,६९८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२७.३</td><td></td><td></td><td>आयकर ऐन २०५८ तथा सालबसाली आर्थिक ऐन बमोजिम अग्रिम रुपमा कर कट्टि गरी सम्बन्धित को नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरीदिनु पर्ने व्यवस्था भएकोमा निम्नानुसार भएकोले असूल हुनुपर्ने रु
<table>
<tr><th>गो भौ नं</th><th>मिति</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>४६०</td><td>२०७८।०२।१७</td><td>श्रृति कुमार तामाङले गापा स्तरिय सामुहिक खेलकुद कार्यक्रम संचालन गरी पेश्की फछ्र्यौट गर्दा साउण्ड सेट भाडामा लिए बापत भुक्तानी भएको रु १९५००।०० को १० प्रतिशतले हुने बहाल कर रकम रु १९५०।०० कट्टी गरेको नपाइएकोले सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने</td><td>१९५०</td></tr>
<tr><td>१०१</td><td>२०७८।०३।२४</td><td>जगतपुर एग्रो प्रा लि चितवनलाइ वोयर जातको वीउ बोका खरिद गरी भरतपुर चितवनदेखि इलामसम्म ढुवानी गर्दा रु ५००००।०० भुक्तानी गरेकोमा बहाल कर २.५ प्रतिशतले हुने रकम रु १२५०।०० असुल उपर गर्नुपर्ने</td><td>१२५०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३२००</td></tr>
</table></td><td>३,२००</td></tr>
<tr><td>१२७.४</td><td></td><td></td><td>गो भौ नं ४७ मिति २०७८।०३।१० बाट झरिपा निर्माण सेवालाइ दोश्रो रनिङ वीलको रकम भुक्तानी दिँदा सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक भुक्तानीमा पेश्की कट्टी गर्नुपर्नेमा सो नगरी भुक्तानी गरेको पाइएकोले सम्झौता बमोजिम भएको पाइएन रु</td><td>११४,३४५</td></tr>
<tr><td>१२७.५</td><td></td><td></td><td>मुल्य अभिबृद्धि कर नियमावनी २०५३ नियम ६(ग) ठेक्का सम्झौता वा करार अन्तर्गत आपुर्ति हुने बस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकदार वाआपुर्तिकर्तालाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरीदिनु पर्ने व्यवस्था रहेकोमा अन्सुवी निर्माण सेवालाइ दोश्रो रनिङ वीलबाट रु १०५३१८२।०० भुक्तानी गरेकोमा मु अ कर बापतको रकमको ३० प्रतिशतले हुने रकम रु ३६६४८।०० कट्टी गरी सम्बन्धित निर्माण व्यावसायीको नामबाट रकम दाखिला गर्नुपर्नेमा सो नगरी सम्पुर्ण रकम निर्माण व्यवसायीलाइ नै भुक्तानी गरेको पाइएकोले कर समायोजन पत्र पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>३६,३४८</td></tr>
<tr><td>१२८</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण वेरुजु</td><td></td></tr>
<tr><td>१२८.१</td><td>३५५</td><td>२०७८-३-२८</td><td>बदामटार ढोडेनी वरफल्याङ सडक निर्माण उ स लाइ सम्झौता बमोजिमको रकम रु ५ लाख सडक स्तरोन्नति गर्ने कार्यदिश दिएकोमा उक्त उ स ले लागत सहभागीताको १० प्रतिशतले हुन आउने रकम रु ५००००।०० सम्झौता गर्न अघि अग्रिम जमानत बापत जम्मा गर्नुपर्नेमा सो गरेको पाइएन</td><td>५०,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२८.२			आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ बमोजिम रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था रहेकोमा गो भौ नं ५९१ मिति २०७८।०३।२१ बाट मिङमा रिञ्जी शेर्पालाइ फिल्ड भत्ता बापत मासिक रु १५०००।०० का दरले चार महिनाको रु ६००००।०० भुक्तानी दिएकोमा सो अवधिको सार्वजनिक विदा दिन २२ कट्टी गरी बाँकी ९८ दिनको मात्र भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी भएको रकम रु ११०००।०० मा १ प्रतिशत कट्टी भएकोले बाँकी रकम रु १०८९०।०० असुल गर्नुपर्ने रु	१०,८९०
१२९			अनुगमन तथा सम्परीक्षण कार्यालयले यस वर्ष सम्परीक्षणका लागि पेश गरेको मध्ये फछ्र्योट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।	

आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्र्योटको आधार				सम्परीक्षण
			असुली	प्रमाण	नियमित	पेश्की	
२०७५।७६	५२	गा.पा. अध्यक्ष शमसेर राईलाई बैठक भत्ता दिन नमिल्ने दिएकोमा सुविधाबाट कट्टी गरी दाखिला गरेको	१४४५०	-	-	-	१४४५०
२०७५।७६	७९	पदाधिकारीहरुलाई भुक्तानी गभएको पोशाक रु.१४०४८१ र आतेजाते खर्च रु.२८००० भुक्तानी भएकोमा सुविधाबाट कट्टी गरी मेघा बैंक २०७८।९।२० मा दाखिला गरेको प्रमाण पेश भएको	१६८४८१	-	-	-	१६८४८१
२०७६।७७	७	पालिकाले कर्मचारी कल्याणकोषमा ट्रान्फर गरेको रकम पालिकाको खातामा दाखिला गरेको प्रमाण पेश गरेको	-	२२०००००	-	-	२२०००००
२०७६।७७	२१	अधिकृत छैठौं मिङमा रिन्जी शेर्पालाई बढी भुक्तानी भएको ग्रेड रकम मेघा बैंकमा २०७७।१२।२४ मा दाखिदा गरेको प्रमाण पेश गरेको	१०३२०	-	-	-	१०३२०
२०७६।७७	२७	देहायका कर्मचारीहरुलाई भुक्तानी भएकोँ चाडवार्ड खर्च असूल गर्नेपर्नेमा नेपाल बैंक.लि. मा दाखिला गरेको	१९९३६०	-	-	-	१९९३६०
		देविलाला राई रु. २६६१०					

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय									बेरुजु रकम
						धनकुमारी प्रधान रु. २६६१०							
						सलिना राई रु. २६६१०							
						सोमनाग भण्डारी रु २८२००							
						जिवन राई रु ११५००							
						प्रेम बहादुर खड्का रु २६६१०							
						भिक कुमारी लिम्बु रु २६६१०							
						बुनुमाया तामाङ्ग रु ४५००							
						ऋषिकान्त चौधरी रु २६६१०							
				२०७६।७७	२८	सेनिटरी प्याड विद्यालयलाई हस्तान्तरण गरी वितरण गरेको प्रमाण पेश हुनुपर्नेमा वितरणको प्रमाण पेश गरेको	-	६५१४७०	-	-	६५१४७०		
				२०७६।७७	२९	कोभिड-१९ को कारण विद्यालयहरुको शैक्षिकसत्र २०७७ शुरु हुन नसकेको र विद्यार्थी भर्ना नभएको, IEMIS मा तथ्यांक प्रविष्ट नभएको अवस्थामा समेत विद्यालयलाई थप निशुल्क पाठ्यपुस्तक रकम अनुदान दिएकोमा सो खर्चको पुष्ट्याइ प्रमाण पेश भएको	-	२२९७५०	-	-	२२९७५०		
				२०७६।७७	३०	कोभिड-१९ को कारण विद्यालय बन्द रहेको अवस्थामा वालवालिकाहरुको पठनपाठन अवरुद्ध भएकोले बैकल्पिक प्रणालीको माध्यमवाट माध्यमसंग पठन पाठन भएको कागजात पेश भएको	-	३०००००	-	-	३०००००		
				२०७६।७७	३१	गाउँपालिकाले बहुवन माद्यामिक विद्यालयलाई खरिद गरेको सामान दाखिला गरेको प्रमाण पेश गरेको	-	५४४०००	-	-	५४४०००		
				२०७६।७७	३५	गाउँघर क्लिनिक संचालन गर्दा फिल्ड भत्ता नपाउने कर्मचारीहरुलाई यातायात खर्च भुक्तानी भएको दहायको	२४०२४	-	-	-	२४०२४		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

		कर्मचारीले नेपाल बैंक लि. मा दाखिला गरेको					
		बह्मलाल राजवंशी रु ७३९२					
		प्रियंका दाहाल रु ९२४०					
		मनमाया लेप्चा रु ७३९२					
२०७६।७७	३६	संघीय संचित कोष फिर्ता गर्नुपर्नेमा गाउँपालिकाको संचितकोष खातामा फिर्ता गरेको रकम नेपाल बैंकको भौचर नं १६९७७५२ मिति ०७७।१२।२० बाट संघीय संचित कोष दाखिला गरेको प्रमाण पेश भएको	६३६६०	-	-	-	६३६६०
२०७६।७७	३७	महंगी भत्ता भुक्तानी भएको असूली गर्नुपर्ने ३ जना कर्मचारीको रु.६००० मेघा बैंकमा दाखिला गरेको प्रमाण पेश	६०००	-	-	-	६०००
जम्मा			४८६२९५	३९२५२२०			४४११५१५

१३० बेरुजुको अध्यावधिक विवरण

यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

(रु. हजारमा)

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
७०३१२	४४११			